# परिच्छेद- एक :
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव जीवनको सुरुवातदेखि सत्र वर्ष सम्मलाई अर्थात २ बर्ष देखि करिब १६ -१७ बर्ष सम्मको व्यक्तिलाई  बालबालिका भनी नामाकरण गरिएको पाइन्छ ।यिनीहरु वयस्क भन्दा बढि अशाव्दिक संचार  मनपराउछन् , बितेका वा पछि आउने कुराको भन्दा बढि वर्तमानको खाचो प्रति चासो राख्छन् । आधारशिलाको निर्माण हुने ,तिब्र बृद्धि र परिवर्तन हुने सामाजिकीकरण र सृजनात्मक विकास हुने, बिभिन्न किसिमको संकटहरु देखा पर्ने, खेल र खेलौनामा समय व्यतित गर्ने , नक्कल गर्ने ,विद्यालय जाने, विभिन्न समुहहरुमा संम्लग्न हुने खोजी गर्ने, जिज्ञासु , सम्वेदनशिलता र आत्म परिचय खोज्ने बालबालिकाका विशेषता हुन । कुनै पनि समाजको आधार स्तम्भ सबल र सक्षम भएमा मात्र समाजमा विकासको कल्पना गर्न सकिन्छ । जसको लागि बालबालिकाको उचित स्याहार तथा शिक्षाको आवश्यकता पर्दछ । बालबालिकाहरुको उचित स्याहार तथा शिक्षा त्यति बेला हुन्छ जब उनीहरु एउटा पारिवारिक सिमा भित्र बस्दछन् । “पारिवारिक सिमा” नाँघी बाहिर आउन पुगेका बालबालिका घर बाहिरका केटाकेटी मात्र नभएर समाजका लागि समस्याको पात्र बन्न पुग्दछन् (Douglas, 1998) त्यस्तै बालबालिकाहरु को हुन् ? तिनीहरुका अवश्यकताहरु के के हुन सक्छन् ? तिनीहरुको बारेमा अध्ययन गर्दा कस्ता पक्षहरुमा ध्यान दिनु आवश्यक हुन्छ ? जस्ता पक्षहरुलाई सिविसका निम्न लिखित बुँदाहरुले प्रष्ट पार्दछन् :

- बालबालिकासँग सधैं लचकता र खुलापन अपनाउनु पर्दछ ।
- बालबालिकाहरु वयस्क भन्दा बढि अशाब्दिक संचार मन पराउछन् ।
- अशाब्दिक संचार र बालबालिकाको मनोरञ्जनको यथोचित व्यवस्था गर्नु पर्दछ
- बालबालिकाहरुले बितेकाकुरा वा पछि आउने कुराको भन्दा बढि बर्तमानको खाचो प्रति चासो राख्ने हुन्छन् तसर्थ यथार्थलाई ध्यान दिइ उनिहरुको चासोलाई ध्यानु दिने र यथोचित सम्मान गर्नु पर्छ ।
- बालबालिकालाई अध्ययन अनुसन्धानमा सहभागी बनाउने पूर्ण तथा बनिबनाउ विधि हुदैन् तशर्थ सकेसम्म बालबालिकालाई रमाइलो तथा सजिलो बातावण हुने विधि अपनाउनु जरुरी हुन्छ ।

- बालबालिका प्रति अनुसन्धान कर्त्ता इमान्दार र होसियार भएर बालबालिकालाई परिचालन गर्नु पर्छ । जस्तो उनीहरुको अगाडी अनावश्यक जिस्किने , तोकिएको समय र नियमको वेवास्ता गर्नु हुदैन ।
- छलफल र सम्वादको माध्यमबाट सामुहिक नीति तय गर्ने र सबै सदस्यले त्यसको पालना गर्ने परिपाटि मिलाउनु पर्छ ।
- अध्ययन अनुसन्धान कार्यमा बालबालिकाहरुलाई आई पर्ने जोखिम तथा त्यसमा लाग्ने समय र खर्च प्रति संम्वेदनशील भएर काम गर्नु पर्छ ।
- बालबालिका संग छलफल र संवादलाई सजिव बनाई राख्ने अध्ययन कार्यमा कसले के गर्ने छलफलबाटै भुमिका छनौठ गर्ने अनुसंन्धानको लक्ष्य र उद्देश्य सबै सदस्यलाई पटक पटक सम्झाउदै प्रस्ट पारि राख्नु पर्दछ ।
- कुन चरणमा के के कार्य गर्न सहभागी हुने भन्ने कुरा छान्ने अधिकार पनि बालकमानै रहन्छ । यसो हुनाले उनीहरुको चासो उत्प्रेरित भएका ठाउमा मात्र सहभागी गराउनु पर्दछ ।
- सजिलै प्रयोग गर्न सक्ने भाषा र शव्दको प्रयोग गर्नु पर्दछ ।
- बालबालिकालाई अध्ययन अनुसन्धान कार्यमा संलग्न गराएबापत उचित पारिश्रमिक को व्यवस्था गर्न नभुल्ने ।
- एउटै बालक वा बालिका अध्ययन कार्य भरि लागि रहन्छ भन्ने पनि ठान्नु हुदैंन तसर्थ केही जगेडा समेतको व्यवस्था गरि रहनु पर्दछ ।
- अध्ययन कार्यमा बालबालिकाको समुह तयार गर्दा उमेर, लिङ्ग ,क्षमता, सीप,भाषा, संस्कृति आदीको समिश्रण हुने गरी तयार गर्नु पर्दछ ।
- बालबालिकाहरु लाई अध्ययन कार्यमा केवल आफुले खटाएको काम गराउने खेतालाको रुपमा प्रयोग गर्ने होइन । उनीहरु संग अध्ययन टोलीको जिम्मेवार सदस्यको रुपमा व्यवहार गर्नु पर्दछ ।
- बालबालिकाहरुको तर्क ,उनीहरुको क्रियाकलाप ,उनीहरुको भावना प्रति सदैव चनाखो भएर हेर्नु पर्दछ ।
- बालबालिकाको अपेक्षा, चाहनाहरु बेलाबेलामा बुझि रहने र आफुले पुरा गर्न सक्ने भए तुरुन्त पुरा गरिदिने,नसक्ने भए प्रस्ट रुपमा भनेर सम्झाउने, ( सिविस, २००५) ।

यसरी बालकका यी पक्षहरुलाई ध्यान राखेर अध्ययन अनुसन्धान गरेमा बालकबाट उपयुक्त तथ्याङ्क प्राप्त गर्न सहयोग मिल्छ तर यही बालबालिकाहरुले यदि श्रमलाई सर्वथोक बनाउने अर्थात विभिन्न किसिमका कार्यहरु मात्र गरेर आ- आफ्नो जीविकोपार्जन गर्छन भने ती बालबालिकाहरु बाल श्रमिक हुन् र व्यक्ति श्रमिक हो । त्यस्तै ७ देखि १८ वर्ष सम्मका यस किसिमका व्यक्तिहरुलाई वाल श्रमिक भन्ने गरिन्छ । यस किसिका वालबालिकाहरु पढन पाउदैनन्, प्राय कुपोषित हुन्छन् ,बेचविखन हुन्छन्, आ- आफ्नो स्वतन्त्रता हुदैन , यौन शोषणका शिकार हुन्छन्, बालापन उपभोग गर्न पाउदैनन्, आत्म बलहीनताको विकास हुन्छ, निरास र चिन्तित देखिन्छन् , आमा बाबु संग बिछोडिएका हुन्छन , दुर्व्यव्यवहार खप्नु पर्छ, तनावको कारण अरुमाथि दुर्व्यवहार र विध्वांसात्मक किसिम को व्यवहार देखाउने सम्भावना हुन्छ, बदलाको भावना उत्पन्न हुन्छ , समग्र वालअधिकारबाट वंचित भएका हुन्छन् ।

वालश्रमकालागि क्षेत्रीय कार्य समुह ले गरेको परिभाषा अनुसार १८ वर्ष मुनिका वालवालिकाद्वारा उनीहरुको स्वास्थ्य शारीरिक, मानसिक, वौद्धिक, नैतिक तथा सामाजिक विकासमा नकारात्मक प्रभाव पार्ने गरी तथा उनिहरुको शिक्षा प्राप्त गर्ने अधिकार कुण्ठित हुने गरी गरिने काम नै वालश्रम हो । त्यस्तै कमजोर आर्थिक अवस्था, पारिवारिक कलह, परिवारमा केटाकेटीको संख्या, शिक्षाको कमी र गलत संगत, शहरप्रतिको आकर्षण जस्ता थुप्रै कारणहरुले बालबालिकाहरुलाई बालश्रमिक बन्न बाध्य बनाएका छन् । यस्ता बालबालिकाहरु मौका परे चोरी गर्न पनि पछि पर्दैनन् । यस्ता बालबालिकाहरुलाई विभिन्न संघसंस्था तथा सञ्चारले बालश्रमिक भनी नामाकरण गरेतापनि उनीहरुलाई नोकर वा काम गर्ने बालक जस्ता उपनाम दिएर  बोलाउने तथा चिनाउने पनि गरिन्छ । शारिरिक र मानसिक दुवै किसिमबाट शोषित भएका यी बालबालिकाहरुका लागि भविष्य अन्धकारमय भएको छ । जे छ उनीहरुका लागि आज नै छ । जसमा बाँच्नको लागि उनीहरुले ठूलो संघर्षका पाठ सिकिरहेका छन । करीव १६ वर्ष मुनिका बालबालिकाहरू औपचारिक शिक्षा हाँसिल गर्नुको सट्टा विभिन्न किसिमका कामहरु गरेर जीविकोपार्जन गरेका हुन्छन् भने तिनिहरूलाई बालश्रमिक भनिन्छ, (सिविन, १९९८) ।

विभिन्न संघ संस्था तथा व्यक्तिहरुको भनाईलाई हेर्दा श्रमलाई नै आफ्नो सबैथोक बनाउने, अर्थात काम गर्ने बालबालिका नै श्रमिक बालबालिकाको नामले चिनिन   पुग्दछन् । श्रमलाई नै आफ्नो सबैथोक बनाउन पुगेका यस्ता बालबालिकाहरु आफ्ना न्युनतम आधारभुत आवश्यकताबाट पनि बंचित भएका पाइन्छन् । शिक्षा प्राप्त गर्ने बालबालिकाको अधिकार र

प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क गराउनु राज्यको दायित्व भनी सन् १९८९ नोभेम्बर २० मा संयुक्त राष्ट्रसंघको महासभाद्वारा पारित बालअधिकारसम्बन्धी महासन्धिलाई नेपालले पनि अनुमोदन गरिसकेको छ । तापनि बालबालिकाहरु यस अधिकारबाट पूर्णरुपले बंचित नै छन् । शिक्षा ज्ञानको ज्योति मात्र होइन आजको विश्वमा बाँच्नको लागि चाहिने आधारभुत आवश्यकता पनि हो । शिक्षा विना बालबालिकाहरुको भविष्य अन्धकार हुन पुग्दछ र जीविकोपार्जन गर्न कठिन बन्न पुग्दछ ।

UNICEF, 1996 द्वारा प्रकाशित श्रमिक बालबालिकासम्बन्धी विश्लेषणात्मक अध्ययनमा उनीहरुबाट जन्मिने सामाजिक समस्याको कुरा उल्लेख गरिएको छ । गरिवी र आर्थिक अभावले सताइएका अभिभावक तथा ठूला वडाले अपराधिक कार्य गर्नाले केटाकेटीहरुमा पनि त्यसको असर पर्ने गर्छ र अपराधिक कार्य गर्न प्रोत्साहित हुन्छन् ।

श्रम गर्न विभिन्न कारणवश होमिन पुगेका यस्ता श्रमिकवालवालिका शिक्षा तथा चेतनाको अभावले गर्दा असामाजिक गतिविधितर्फ पनि उन्मुख हुन पुग्दछन् (UNESCO, 2001) । नेपालमा ३ बालबालिका मध्ये झण्डै १ जना अर्थात ५ देखि १४ वर्षसम्मका कुल ७० लाख बालबालिका मध्ये २६ लाख बालबालिका बालश्रमिक रुपमा छन् । यिनीहरुमध्ये केही कृषिमा, केही हस्तकला व्यवसायमा, खानी र गलैचा उद्योगहरुमा लागेका छन् । केही सडकबालबालिकाको रुपमा शोषित हुन्छन् । कोही त आफ्ना अभिभावकहरुले लिएको ऋण चुक्ता गर्न बधुँवा मजदुर भएर बस्न पनि बाध्य छन् । कोही श्रम र यौन शोषणको लागि विदेशमा बेचिइएका पनि छन् । निकै धेरै संख्यामा बालबालिकाहरु निकृष्ट प्रकारका कार्यमा संलग्न छन् । यसमा गरिबीलाई मुख्यरुपमा लिन सकिन्छ । जसको कारणबाट बालबालिकाहरु मेहनत मजदुरी गर्न बाध्य भएका छन् । कम पारिश्रमिकको कारणबाट बालबालिकाहरु मेहनत मजदुरी गर्न बाध्य भएका छन् । कम पारिश्रमिकको कारण रोजगारदाताहरुले पनि यिनीहरुलाई प्रयोग गर्ने क्रम यथास्थितिमा नै छ । बालश्रमको समस्या अहिले संसार भरी नै ठूलो दबाबको रुपमा रहेको छ । सामाजिक-आर्थिक, शैक्षिक पद्धति, गरीबी जस्ता समस्याबाट जुन देशहरु पिडित छन् ती देशहरु यो समस्याबाट अछुतो रहेका छैनन् । अभिभावकहरुको बालश्रम प्रतिको हेराई सकारात्मक भएकाले समाजमा बालश्रम फस्टाएको हुन सक्छ । कमजोर आर्थिक स्थितिले गर्दा परिवारले बालबालिकाको पढाई भन्दा बढी जोड श्रमलाई नै दिने हुनाले पढाईसँग

काम असान्दर्भिक हुन्छ । परिवारले तुरुन्तै देखिने नाफा काममा हुने हुनाले बालबालिकाको पढाईमा त्यति ध्यान पुऱ्याउदैनन् र बालबालिकाहरु पढाईबाट बंचित हुन पुग्दछन्, (ILO, १९९९) ।

CWS/UNICEF, 1996 द्वारा नेपालका सडकबालबालिकाहरुको स्थिति विश्लेषण गरिएको छ जसमा बालबालिकाहरु काम गर्नु पर्नाका कारणहरुमा पारिवारिक विचलन पारिवारिक अशान्ति, घरको तनाव ग्रस्त वातावरण, अभिभावकको दुर्व्यवहार र ग्रामिण क्षेत्रका बालबालिकाहरुको शहरप्रतिको आकर्षणलाई मुख्य कारण बताइएको छ । बालश्रमिकको उमेर ५ देखि १४ वर्षसम्मको छ । मध्यामञ्चल विकास क्षेत्रमा कुल सडकबालबालिकाहरुमध्ये ६ प्रतिशत बालक र १४ प्रतिशत बालिका रहेका छन् । कुल श्रमिकबालबालिका मध्ये ४८ प्रतिशत अशिक्षित छन् । त्यस्ता श्रमिक बालबालिकाहरु भरिया, भिखारी, पर्यटकहरुका पथप्रदर्शक, पाकेटमार, रिक्साचालक, फुटपाथे, व्यापारी, होटल मजदुर, टेम्पो खलासी, निर्माण कार्यहरु नोकरी आदिमा संलग्न छन् भने उनीहरुको दैनिक आम्दानी रु २५ देखी रु १०० सम्म हुने गर्दछ ।

CWIN को सिफारिस अनुसार यस्ता सडकबालबालिकाहरुलाई बसोबासको सुविधाका साथै उनीहरुको शिक्षा, स्वास्थ्य तथा सीपको विकास हुनेगरी अवसरहरु प्रदान गरिनु पर्दछ र उनीहरुको इच्छा अनुसारको रोजगारी शोषण विरुद्धको आवाजहरु उठाउन आवश्यक छ (CWIN, 1998)।

## श्रमिक बालबालिकाको शिक्षा सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति

विकसित राष्ट्रमा जन्मने बालबालिकाहरुले आफ्ना जीवनको पुर्वार्द्धमा नै जीवन उपयोगी शिक्षा प्राप्त गरेका हुन्छन् तर यी सुविधा वा अधिकार विश्वका सबै बालबालिकाहरुले पाएका छैनन् । अझै पनि विश्वको करिव १ करोड १० लाख बालबालिकाहरु शिक्षाबाट विमुख रहेका छन् । खास गरी तेस्रो विश्वका बालबालिकाहरु रोग, भोक, गरिबी र पछौटेपन जस्ता समस्याबाट ग्रसित रहेको वर्तमान अवस्थामा शिक्षा प्राप्त गर्नु अधिकार भन्दा पनि विलासिता हुन पुगेको छ । यो अवस्था हाम्रो देशमा करिब ४० प्रतिशत बालबालिकाहरुले भोगिरहेका छन् । (सिविन, १९९८)

संयुक्त राष्ट्र संघीय बालअधिकारसम्बन्धी महासन्धि को धारा २८ ले बालबालिकाहरुको शिक्षा पाउने अधिकार र कम्तिमा पनि प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क गराउनु राज्यको दायित्व भनी स्पष्ट उल्लेख गरेको छ । जस अनुरुप शिक्षा बालबालिकाको व्यक्तित्व र बौद्धिक क्षमताको विकास तर्फ निर्देशित हुनु पर्ने र सक्रिय व्यस्त जीवन बिताउन बालबालिकालाई तयार गर्ने तर्फ, मौलिक मानवअधिकार प्रति आदर जगाउन र बालबालिकामा आफ्नो र अरुको सांस्कृतिक र राष्ट्रिय मूल्यहरु प्रति भावनाको सम्बर्द्धन गर्ने तर्फ लक्षित हुनु पर्ने भनी उल्लेख गरिएको छ ।

नेपालको तर्फबाट विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय तहमा बालबालिकाको शिक्षालाई प्रत्याभुत गर्ने सन्दर्भमा विभिन्न प्रतिवद्धताहरु रहेका छन् यसमा प्रमुख रुपमा डकारको सेनेगलमा सम्पन्न भएको “सबैका लागि शिक्षा सम्बन्धी विश्व मंच” ले अंगीकार गरेको सन् २०१५ भित्रमा सबैका लागि शिक्षा पुऱ्याउने विश्वव्यापी अभियानमा हाम्रो देश पनि प्रतिवद्धता जनाउँदै “सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना” तयार गरेको छ । त्यस्तै बालअधिकार सम्बन्धी महासन्धि १९८९ लाई नेपालले निशर्त अनुमोदन गरेको  छ ।

दशौं योजना (२००२-२००७) ले अनौपचारिक शिक्षाको सम्बन्धमा ल्याएको नीति अनुसार अनौपचारिक शिक्षाले महिला, पिछडिएका जनजाति तथा दलितलाई समेटने, शिक्षाबाट बंचित भएका प्रौढ तथा बालबालिकाहरुलाई विभिन्न साक्षरता कार्यक्रममा समावेश गराई साक्षरता प्रतिशतलाई प्रभावकारी ढंगबाट बढाइने छ भनी उल्लेख भएको छ ।

हालै गठन भएको अन्तरिम संविधान, २०६४ को धारा १७ मा शिक्षा तथा संस्कृति सम्बन्धी हक को दफा १ मा प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भए बमोजिम आफ्नो मातृ भाषामा आधारभूत शिक्षा पाउने हक हुनेछ । तथा दफा २ मा प्रत्येक नागरिकलाई राज्यबाट कानूनमा व्यवस्था भए बमोजिम माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेछ भनि उल्लेख गरिएको छ । साथै, धारा २२ मा बालबालिकाको हक सम्बन्धमा निम्न कुराहरु उल्लेख भएको छ :

- प्रत्येक बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक हुनेछ ।

- प्रत्येक बालबालिकालाई पालन पोषण, आधारभुत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हक हुनेछ ।
- प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषण विरुद्धको हक हुनेछ । यस्तो शोषणजन्य कार्य कानूनद्वारा दण्डनीय हुनेछ र त्यसको व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारण गरे बमोजिमको क्षतिपूर्ति दिईनेछ ।
- असहाय, अनाथ, सुस्तमनस्थिति, द्वन्द्वपिडित, विस्थापित एवं जोखिममा परेका सडकबालबालिकालाई सुनिश्चितत भविष्यको लागि राज्यबाट विशेष सुविधा पाउने हक हुनेछ ।
- कुनै पनि नावालकलाई कुनै कलकारखानामा, खानीमा वा त्यस्तै कुने जोखिमपूर्ण काममा लगाउन, सेना वा द्वन्द्वमा प्रयोग गर्न पाउने छैन भनी उल्लेख गरिएको छ ।

शिक्षा व्यक्तित्व विकास र सामाजिक प्रगतिको महत्वपूर्ण आधार हो । शिक्षा भनेको खाली अक्षर र अङ्कको लेखपढ मात्र होइन बरु जीवन र जगतको विषयमा बुझ्ने, अध्ययन गर्ने तथा त्यसबारे दृष्टिकोण बनाउने एउटा आधारभूत क्षेत्र पनि हो । बालबालिकाहरुको शिक्षाको सर्न्दभमा विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय नीतिलाई हेर्दा फरक फरक समयमा धेरै पहलहरु भएको देखिन्छ । नेपालमा हालसालै गठन भएको अन्तरिम संविधानको दस्तावेजमा श्रमिक तथा सडकवालबालिकाको सुनिश्चित भविष्यको लागि राज्यबाट विशेष सुविधा हुनु पर्ने कुरा उल्लेख गरिएको छ ।

बालश्रमिकहरु विद्यालय जाने उमेर पूरा गरिसकेका र कहिल्यै विद्यालय नगएका वा विद्यालय छाडेका हुन्छन्,  यी विभिन्न परिवार र समुदायबाट सडकमा आएका हुन्छन् । व्यक्तिगत भिन्नताका कारण उनीहरु सबैमा शारीरिक, मानसिक, संवेगात्मक र व्यवहारका विकासत्मक अवस्थाहरु फरक-फरक हुन्छन् । घरको पारिवारिक तथा आर्थिक समस्या, बाह्य समाजको अस्वस्थ वातावरण, शारीरिक, मानसिक, सामाजिक र बौद्धिक स्तर फरक हुन्छ । यिनै भिन्नताको कारणले गर्दा श्रमिक बालबालिकाहरुलाई एउटा कक्षा कोठाभित्र राखी शिक्षा दिने कार्य निकै नै चुनौतिपूर्ण हुनुको साथै अति सराहनीय पनि छ । यो एउटा चुनौतिपूर्ण कार्य हुँदाहुँदै पनि श्रमिक बालबालिकाहरुलाई शिक्षाको अवसर प्रदान गर्ने उद्देश्यले कतिपय गैर

सरकारी संघ संस्थाहरुले यस्ता बालबालिकाहरुका निम्ति शैक्षिक कार्यक्रम सञ्चालन गर्दै आएका छन् ।

### १.२ समस्याको कथन

अहिलेको अवस्थामा बालश्रमिकहरु एउटा जल्दो बल्दो चुनौतिको रुपमा देखा परेका छन् । विभिन्न कारणवंश श्रम गर्न बाध्य भएका यस्ता बालबालिकाहरु घरपरिवार तथा समाजको छत्रछाँयाबाट टाढा परेका र उनीहरुको असामाजिक प्रवृत्तिले गर्दा समाजभित्र रहेका अरु बालबालिकालाई पनि असर पुऱ्याउने हुँदा यसलाई समयमा व्यवस्थित तुल्याउनका निमित्त विभिन्न उपायहरु अपनाउनु पर्ने देखिन्छ । (UNESCO, 2001) । यस्ता विभिन्न उपायहरुमध्ये शिक्षा एक प्रमुख उपाय हो । शिक्षा एउटा यस्तो उपाय वा माध्यम हो जसबाट श्रमिक बालबालिका भित्रको आन्तरिक प्रतिभालाई बाहिर ल्याउनुको साथै उनीहरुको हक अधिकारप्रति सचेत गराउन सकिन्छ । शिक्षाले कतिपय यस्ता बालबालिकाहरुलाई नयाँ अवसरहरु प्रदान गर्न सक्छ । तर विभिन्न कारणवस विद्यालय नगएका तथा बिचैमा पढाई छाडेका बालबालिकाहरु श्रमिक बन्ने क्रम दिनप्रतिदिन बढ्दो छ । (सिविन, सन् २००३) ।

बालश्रमिक सम्बन्धी मुद्धा लामो समय देखि चलिआएको छ । यो एउटा विश्वव्यापि दृश्य बनेको छ । कुनै पनि देश यस समस्याबाट टाढा छैनन् । सबैको ध्यान यसले आकर्षण गरेतापनि अहिलेसम्म यिनीहरुको शिक्षा सम्बन्धमा ठोस कदम चालिएको प्रायः पाइदैन ।

श्रमिक बनेका यी बालबालिकाहरु उमेरको हिसावले विद्यालय जाने उमेर पार गरिसकेका र घरबाहिर भिन्न प्रकारको जीवन व्यतित गरिरहेका हुनाले यिनीहरुलाई औपचारिक शिक्षामा लैजादा विभिन्न चुनौतिहरु आई पर्दछन् जस्तै, कक्षाकोठाका अरु विद्यार्थीसँग नमिल्नु शिक्षाप्रति अरुचि पैदा हुनु साथै औपचारिक शिक्षामा प्रयोग गरिएका शैक्षिक सामग्री र विधिहरु यिनीहरुका लागि उपयुक्त नहुनु आदि । यस्तो अवस्थामा यी बालबालिकाहरुलाई अनौपचारिक शिक्षाको माध्यमबाट विशेष शिक्षाको अवसर प्रदान गरी उनीहरुमा जीवनप्रति सकारात्मक सोचाइको विकास गराउने तथा उनीहरुको व्यक्तित्व विकासमा मद्दत पुऱ्याउने किसिमको सिप प्रदान गर्नका निमित्त केही संघसंस्थाहरुले जमर्को गरेका छन् । यसरी विभिन्न पृष्ठभुमि तथा सोचाई

बोकेका बालबालिकाहरुलाई एउटै कक्षा कोठामा राखेर शैक्षिक अवसर प्रदान गर्दा शैक्षिक व्यवस्थापनमा आईपरेका समस्या तथा चुनौतिहरुको विश्लेषण गरी व्यवस्थापनका विकल्पहरुको पहिचान गर्ने क्रममा बालश्रमिकहरुको शैक्षिक व्यवस्थापन एक अध्ययनलाई समस्याको कथनको रुपमा प्रस्तुत गरेको छु ।

**१.३ अध्ययनको औचित्य**

अहिलेको अवस्थामा बालबालिकाहरु एउटा जल्दो बल्दो चुनौतिका रुपमा रहेका छन् । विभिन्न कारणहरुबस् जस्तै : कमजोर आर्थिक अवस्था, पारिवारिक कलह, परिवारमा केटाकेटीको संख्या, शिक्षाको कमी, गलत संगत, भोगाइ अनुसारको सिकाइ, सहरप्रतिको आकर्षण, आधारभूत आवश्यकता परिपुर्तिको समस्या, आमाबाबुको मृत्यु जस्ता थुप्रै कारणहरुले बाल श्रमीक बन्न पुगेका यी बालबालिकाहरु सामाजिकीकरणको पहिलो पाठशालाबाट टाढा हुने भएकोले सामाजिक वा पारिवारिक कारणले उनीहरुमा मनोवैज्ञानिक असर उत्पन्न हुन्छ । जसको कारणबस् उनीहरु गलत बाटो अपनाउने गर्दछन् । जसले समाजभित्र रहेका अरुबालबालिकाहरुलाई पनि असर पुऱ्याउने भएकोले समयमानै विभिन्न उपायहरु अपनाउनुपर्ने आवश्यक हुन्छ । जसको एउटा प्रमुख उपायको रुपमा शिक्षा रहेको देखिन्छ । शिक्षा एउटा त्यस्तो माध्यम हो जसले बालबालिकाहरुको आन्तरिक प्रतिभालाई बाहिर ल्याउन, हकअधिकार प्रति सचेत गराउन र नयाँ अवसरहरु प्रदान गर्न समेत सहयोग गर्ने भएकोले बालश्रमिकको शैक्षिक व्यवस्थापनको अध्ययन नितान्त आवश्यक देखेर यो विषयमा अध्ययन गर्न उनिच लाग्यो । यो अध्ययनको औचित्यलाई निम्न बुँदाहरुमा प्रस्तुत गरिएको छ :

- समाजका अन्य बालबालिकाहरुलाई असमाजिक गतिविधिमा लाग्नबाट बचाउन सहयोग गर्ने छ ।
- विभिन्न कारणबस् बन्न पुगेका बालश्रमिकहरुको समेत आन्तरिक प्रतिभालाई बाहिर ल्याउन, हक अधिकार प्रति सचेत गराउन साथै जीवनलाई नयाँ अवसर समेत प्रदान गर्न सहयोग गर्ने छ ।
- ज्ञानको कमीले सानै उमेर देखि यौन क्रियाकलापको सिकार बन्न पुगेका बालश्रमिकहरुलाई सहीबाटोमा ल्याउन सहयोग गर्ने छ ।
- बालश्रमिकहरुलाई आफ्नो वर्तमान तथा भविष्य प्रति जिम्मेवार हुन सक्ने अवसर प्रदान गर्न सहयोग गर्ने छ ।

- बालश्रमिकहरुलाई आफ्ना पिडा/अतित विर्सदै सिर्जनात्मक कार्यमा लाग्न उत्प्रेरित गर्न मद्दत गर्ने छ ।
- बालश्रमिकहरु स्वयं संलग्न भएर गरिएको अध्ययन भएकोले गुणस्तरीय तथ्यांक प्राप्त हुन्छ जसले अन्य सम्बन्धित अध्ययन कार्यलाई समेत सहयोग पुऱ्याउने छ ।
- बालबालिकाहरु स्वयं संलग्न भएर गरिएको अध्ययनमा आफ्नो भोगाइलाई स्पष्ट उजागर गर्ने भएकोले अन्य बालबालिकाहरुलाई त्यस्ता जोखिमहरुबाट बँचाउन मद्दत गर्ने छ ।
- बालबालिकाहरु स्वयं आफ्नो सरोकारको विषयमा सहभागि हुने अवसर पाउने भएकोले उनीहरुममा सक्रियता र जिम्मेवारीको विकास गर्न सहयोग गर्ने छ ।
- बालबालिकाहरु अध्ययन अनुसन्धान जस्तो गम्भिर जिम्मेवारीपूर्ण कार्यमा स्वयं सहभागीहुन पाउँदा उनीहरुमा आपसि समजदारी, सहयोग, एकआपसमा कुरा गर्ने क्षमता, कुराकानी गर्ने क्षमताको समेत विकास हुने छ ।
- समाजमा बालश्रमिकहरुको आवाज लैजान र त्यसको कदर गराउन समेत सहयोग गर्ने छ ।
- बालश्रमिकहरुको शिक्षाप्रतिको पहुँच वृद्धि गर्ने सहयोग गर्ने छ ।
- बालश्रमिकहरुको शिक्षा व्यवस्थापनमा आइपर्ने समस्याहरु उजागर गर्न सहयोग गर्ने छ ।
- बालश्रमिकको शिक्षा व्यवस्थापनका प्रसस्त मार्गहरु खोजी गर्न सहयोग गर्ने छ ।

### १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरु निम्न बमोजिम राखिएको छ :

क) बालश्रमिकहरूको शिक्षामा पहुँच पत्ता लगाउने ।

ख) बालश्रमिकको शिक्षाको व्यवस्थापन गर्दा आइपर्ने चुनौतिहरुको पहिचन गर्ने ।

ग) बालश्रमिकहरुको शिक्षाको व्यवस्थापनसम्बन्धी थप विकल्पहरुको पहिचान गर्ने।

### १.५ अनुसन्धानात्मक प्रश्न

श्रमिकबालबालिकाहरुको शैक्षिक व्यवस्थापनबारे खोजि गर्नेका लागि निम्न अनुसन्धानात्मक प्रश्न रहेको छ :

क) श्रमिक बालबालिकाका लागि उपलव्ध शैक्षिक अवसरहरु के के हुन ?

ख) ती अवसरहरुलाई बालहितमा अधिकतम कसरी प्रयोग गर्न सकिन्छ ?

ग) श्रमिक बालबालिकाका दैनिक समस्याहरु के के हुन ?

घ) बालश्रमिकहरुको शिक्षामा पहुंच सम्वन्धी समस्या के के हुन ?

ङ) ती समस्याहरुको समाधान कसरी गर्न सकिन्छ ?

च) बालश्रमिकको शिक्षा व्यवस्थापन सम्वन्धी थप विकल्पहरु के के हुन सक्छ ?

### १.६ अध्ययनको परिसीमा

शिक्षालाई प्रभाव पार्ने तत्वहरु धेरै छन् । जस्तै राष्ट्रको निति, सामाजिक संरचना आर्थिक अवस्था, भौगोलिक स्थिति, राजनैतिक परिवेश आदि । त्यस बाहेक पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामाग्री, जनशक्ति व्यवस्थापन, सुपरिवेक्षण, शिक्षण क्रियाकलाप आदिले पनि शिक्षालाई प्रत्यक्ष प्रभाव पार्दछन् । अतः शिक्षाको अध्ययन क्षेत्र फराकिलो छ । बालश्रमिकको सन्दर्भमा शिक्षाको विकासको लागि प्रदान गर्ने सम्पूर्ण तत्वको अध्ययन गर्नु पर्ने हुन्छ । तर एउटा शोधकर्ताले सबै क्षेत्रमा अध्ययन गर्न सम्भव हुँदैन । त्यसैले यो अध्ययन बाँके जिल्ला भित्रको बालश्रमिकहरुलाई ज्ञानोदय खुल्ला शिक्षा विद्यालय नामक संस्थाद्वारा गरिएको शैक्षिक गतिविधिमा मात्र सिमित रहेको छ । उक्त संस्थाहरुमा श्रमिकबालिका कमभएको हुँदा मुख्य रुपमा श्रमिक बालकमा अध्ययन गरिएको छ ।

### १.७ अध्ययनमा प्रयोग भएका शव्दहरुको परिभाषाः

“बालक” भन्नाले दुई वर्ष देखी करिब १६/१७ वर्ष सम्मको व्यक्तिलाई जनाउदछ ।

“ श्रमिक” भन्नाले बिभिन्न किसिमका कामहरु गरेर आफ्नो जीविकोपार्जन गर्ने व्यक्तिलाई जनाउछ ।

“ बालश्रमिक ’’ भन्नाले श्रमलाई सबैथोक बनाउने करिब ७ वर्ष देखि १८ वर्ष सम्मको व्यक्तिलाई जनाउछ ।

“संघ संस्था ” भन्नाले बालश्रमिकको शिक्षा व्यवस्थामा संलग्न निकायलाई सम्झनु पर्दछ ।

# परिच्छेद-दुई :

# सैद्धान्तिक खाका तथा सम्बन्धित सहित्यको पुनरावलोकन

कुनै पनि विषयवस्तु वा समस्याबारे खोजि गर्न गरिने अध्ययनको लागि त्यस विषय वस्तु वा समस्यासँग सम्बन्धित पूर्वसाहित्यहरुको अध्ययन गर्नु पर्छ । यसले विषयवस्तु वा समस्याबारे के-कस्ता ज्ञान तथा सोच प्राप्त छन् ती ज्ञान, सोच वा विचारले आफ्नो अध्ययनको विषयबस्तु वा समस्याबारे के जानकारी दिन्छ ? विषयबस्तुलाई बुझ्न के-कस्ता ज्ञान थप्न जरुरी हुन्छ ? भन्ने जस्ता विषयबारे जानकारी दिन्छ र यो जानकारी अध्ययन अनुसन्धान केन्द्रित बनाउने मार्गदर्शन गर्छ । एउटै विषय वा समस्यामा खोज कार्य दोहोरिने (Duplication) सम्भावनालाई न्यूनीकरण गर्छ । यसर्थ शोधकर्ताको सम्बन्धित विषयको पुर्व साहित्यहरुको संक्षिप्त अध्ययन गर्न अत्यन्तै आवश्यक पर्दछ ।

यसै सन्दर्भमा हेर्दा मैले मेरो शोध विषयसँग सम्बन्धित पूर्वसाहित्यहरुको अत्यन्तै दुर्लभता महशुस गरें । बालश्रमिकसँग सम्बन्धित विभिन्न पक्षहरुको लेख तथा दस्तावेजहरु उपलब्ध भएता पनि यिनिहरुको शिक्षा तथा त्यसको व्यवस्थापन सम्बन्धी अध्ययन सामाग्रीहरु कमै भेटिए तसर्थ, मैले बालश्रमिकको शिक्षा सम्बन्धी जे जस्ता उपलब्ध भएका प्रतिवेदन तथा शैक्षिक दस्तावेजहरुको समीक्षात्मक अध्ययन गरी शोध शीर्षक अध्ययनलाई निर्दिष्ट गराउन प्रयत्न गरेको छु ।

यस अध्यायलाई दुई भाग (१) सन्दर्भ साहित्यको पुनरावलोकन र (२) सैद्धान्तिक खाकामा बाँडी साहित्यको पुरावलोकन गरिएको छ ।

## २.१ सैद्धान्तिक खाका

शोध अनुसन्धान कार्यलाई निचोडमा पुऱ्याउन पूर्व स्वीकृत तथ्य वा सिद्धान्तहरुको आधार लिनु पर्ने हुन्छ । स्वीकृत तथ्य वा सिद्धान्तमा आधारित कुनै पनि नयाँ तथ्यहरु विश्वसनीय र वास्तविक हुन्छन् । अर्को अर्थमा भन्नु पर्दा नयाँ खालका प्राप्तीहरु पूर्व स्वीकृत तथ्यहरुको निरन्तरता पनि हो । अनुसन्धानबाट पत्ता लगाइएका कुराहरु स्थापित सिद्धान्तहरुबाट प्रमाणित

भएको हुनपर्छ । वास्तवमा मान्यता प्राप्त तथ्यहरुको सहयोगबाट नै मुद्दा वा समस्याको समाधानको विकल्पहरु खोज्न सम्भव र सान्दर्भिक हुन्छ ।

श्रमिक वालवालिकाहरुको शैक्षिक व्यवस्थापन सँग सम्वन्ध राख्ने पूर्व स्वीकृत शैक्षिक सिद्धान्तहरुको सीमितता पाइएको छ । शिक्षा समाजको गतिशिल पक्ष हो । तर समाजको परिवेश भन्दा वाहिर शिक्षाको कुनै अस्तित्व हुँदैन । यहाँ मानव जीवन तथा समाजसंग सम्बन्धित केही स्वीकृत मान्यता वा सिद्धान्तहरुलाई मैले आफ्नो शोध अध्ययनको लागि सैद्धान्तिक आधारको रुपमा प्रयोग गरेको छु तथा शोध विषयलाई निचोडमा पुऱ्याउन ती सिद्धान्तहरुको विभिन्न कोणबाट सम्बन्ध जोड्ने प्रयास गरेको छु ।

मनोवैज्ञानिक एरिक एरिकसनको मनोसामाजिक सिद्धान्त (Psycho Social Theory) ले घरलाई कुनै पनि मानिसको सामाजिकीकरणको पहिलो ठाउँ हो र त्यसमा परिवारका सदस्यहरुको ज्यादै ठूलो प्रभाव हुन्छ । एरिकसनले मानिसको सम्पूर्ण विकासका निम्ति विभिन्न विकासका चरणहरु पार गर्नु पर्दछ र पहिलो हुने विकासका चरणले पछिल्ला विकासलाई निर्धारण गर्दछ । यदि मानिसको बाल्य अवस्था खतरापूर्ण हुन गएको खण्डमा उसको भविष्य पनि सोही अनुरुप निर्धारण हुने गर्दछ भनि भनेका छन् । यसर्थ बालबालिकाको सामाजिक वा पारिवारिक कारणहरुबाट उनीहरुमा मनोवैज्ञानिक असर उत्पन्न हुन सक्दछ जसको फलस्वरुप भविष्यमा उनीहरु गलत बाटो अपनाउन सक्छन् ( के सिल. उद्त गरे अनुसार, २००१) ।

सामाजिक, पारिवारिक, आर्थिक दयनिय अवस्था जस्ता विभिन्न कारणहरुले श्रमिकमा आएका यी बालबालिकाहरुको व्यवहार एरिकसन ले औंल्याएका सोचसंग सम्वन्ध राख्दछ । यी बालबालिकाहरु घर परिवारको बेमेल स्थितिले गर्दा सामाजिकिकरणको पहिलो ठाउँबाट वंचित हुन पुग्दछ । श्रमिक आएपछि उनीहरुको अवस्था अझ खतरापूर्ण हुन पुग्दछ । एरिकसनले भने जस्तै उनीहरुको वाल्य अवस्था प्रभावित भएको हुँदा उनीहरुमा हुनु पर्ने पछिल्ला विकासको अवस्था प्रभावित हुन पुग्दछ जसले गर्दा उनीहरु असामाजिक क्रियाकलापमा संलग्न हुने गर्दछन् ।

यो अध्ययन पूर्णतया श्रमिक बालबालिकाहरुको शिक्षा संग सम्वन्धित भएकाले र कक्षा कोठामा उपीस्थित भएका बालबालिकाहरुको मनोसामाजिक अवस्था उनीहरुको परिवार, छिमेक, पूर्व

अनुभव तथा व्यवहारले उनीहरुको सिकाइलाई पार्ने प्रभावको बारे अध्ययन गर्ने हुँदा एरिक एकिसनको मनोसामाजिक सिद्धान्तलाई वैचारिक खाका अन्तर्गत राखी अध्ययनबाट प्राप्त जानकारीलाई विश्लेषण गरिएको छ ।

आचरणगत सिद्धान्तले संगठनमा कर्मचारीहरु द्वारा प्रदर्शन गरिने व्यवहारका सम्वन्धमा प्रकाश पार्दछ । यसले व्यक्ति विशेषको प्रकृति, आचरण र सामुहिक क्रियाकलाप ध्यान पुऱ्याउनु पर्ने बारे जोड दिन्छ । मानिसहरु स्वभावले नै विभिन्न आचरणहरु बोकेका हुन्छन् । यही आचरणको पृष्ठभुमिमा मानिसले समुह बनाउदछन् । सहयोगी भावना राख्ने सहपाठि सँग सवैले काम गर्न मन पराउदछन् । झगडालु र काम ठग्ने व्यक्तिसंग धेरैको कुरा मिल्दैन र त्यस्ता व्यक्तिलाई आफूबाट अलग्याउन वा आफु अलग्गिने प्रवृति व्यक्ति बिशेषले लिन्छन् । संघ संगठनमा प्रत्येक व्यक्तिलाई काम लगाउँदा उनीहरुको स्वभाव, आनिबानी, व्यवहार, कार्यालयको वातावरण आदि विभिन्न पक्षमा समेत ध्यान पुऱ्याउन जरुरी हुन्छ । मानिसको शैषिक योग्यता, अनुभवका साथै उसको स्वभाव, मुल्य मान्यता, आनिवानी, व्यवहार आदि पक्षमा समेत ध्यान पुऱ्याउन जरुरी हुन्छ । यसका साथै समानमा व्यक्तिको स्थान, वातावरण, काम गर्दा चाहिने आवश्यक उपकरण, आदिबारे व्यवस्थापनले समयमा ध्यान पुऱ्याउन नसके लक्ष्य प्राप्त गर्न कठीन पर्न जान्छ । समग्रमा आचरणगत सिद्धान्त (Behavioural Theory), Simon, 1957 र Barnard, 1972 ले मानिसको सम्पुर्ण व्यवहार वा आचरणको अध्ययन गर्दछ ( के सि ले उदृत गरे अनुसार २००१) । यसर्थ विभिन्न पृष्ठभूमिबाट भिन्न भिन्न आचरणका साथ कक्षा कोठामा उपस्थित श्रमिक बालबालिकाहरुको स्वभाव, बानि व्यवहार, प्रकृति, अनुभव, मुल्य मान्यता एक भन्दा अर्काको स्वभाविकरुपले नै भिन्दै हुने भएकाले यिनिहरुको व्यवहारको अध्ययन गर्ने व्यवस्था हुनु पर्ने आवश्यकतालाई आचरणगत सिद्धान्तको आधारमा भन्न सकिन्छ । यसरी यस अध्ययनमा पनी आचरणगत सिद्धान्तको आधार मानी त्यस संग श्रमिक बालबालिकाहरुको सिकाइसंग सम्वन्ध जोडदै तथ्यांकको विश्लेषण गरी निचोड तर्फ जाने प्रयास गरिएको छ ।

कुनै पनि संगठनमा व्यक्तिहरुको संलग्नता रहेको हुन्छ अर्थात धेरै व्यक्ति सरहको समूहबाट संगठनको निर्माण हुन्छ । साथै संगठन भित्र पनि विभिन्न किसिमका उप-समूहहरु विद्यमान रहँछन् । एउटा समूहको लागि दूई वा सो भन्दा बढी व्यक्तिको उपस्थिति आवश्यक छ भनी भनिएको छ । एकै किसिमको उद्देश्य बोकेकाहरुको एक समूह र अर्को खालको उद्देश्य बोकेकाहरुको छुट्टै समुह बनाएका हुन्छन् । यस्ता समूह विभिन्न आकार तथा किसिमका हुन्छन् ।

कक्षा कोठामा पनि एकै किसिमको उद्देश्य, इच्छा, आवश्यकता अँगालेका सडक बालबालिकहरुको भिन्दै समूह निर्माण हुन्छ । कुनै पनि व्यक्ति विशेषको व्यवहारमा परिवर्तन तव ल्याउदछ जुन कूनै व्यक्तिगत व्यवहारको सिद्धान्तले व्याख्या गरेको भन्दा फरक हुन्छ । ( त्रिपाठी, १९९२) साथै यस सन्दर्भमा समूह सिद्धान्त (Group Theory) Tripathi, 1992 लाई समेत शोध अध्ययनको लागि आधार लिन खोजिएको छ । समूह सिद्धान्तको अनुसार कुनै व्यक्ति समूहमा आउनुको पछाडि आफुलाई सुरक्षित तुल्याउन तथा सन्तुष्टि हासिल गर्न मात्र नभई उसले एक्लै हासिल गर्न नसकेका लक्ष्य, चाहना तथा आवश्यकतालाई समूहमा बसेर पाउन पनि आएका हुन्छन् । समूहमा संलग्नता एकरुपताको आधारमा पनि हुने गर्दछ जस्ते एकै खालका चराहरु एकै साथ उड्दछन् त्यसैगरी एकै किसिमका प्रवृत्ति, इच्छा र कार्य बोकेका व्यक्तिहरु पनि एक अर्का प्रति आकर्षित हुन्छन् भनी समूह सिद्धान्तको सोच छ । समूहको संलग्नताले कुने पनि विषयवस्तु प्रति व्यक्तिको बुझाई तथा गराईमा परिवर्तन ल्याएर व्यक्तिलाई नयाँ बाटो तर्फ डोऱ्याउने तथा व्यक्तिको विकास गर्ने कार्य गर्दछ । विभिन्न उमेर, इच्छा, चाहना, प्रवृत्ति बोकेका बालश्रमिकहरुको कक्षा कोठामा पनि विभिन्न खालको समूह बन्ने तथ्यलाई यस समूह सिद्धान्तको आधारमा रहेर कक्षा कोठामा पनि विभिन्न खालको समूह बन्ने तथ्यलाई यस समूह सिद्धान्तको आधारमा रहेर त्यससंग सम्बन्ध जोड्दै निचोडतिर जाने प्रयास गरिएको छ ।

समग्रमा माथिका विचारहरुलाई नियाल्दा श्रमिक बालबालिकाहरु घर परिवारको विग्रिएको सामाजिक आर्थिक स्थिती, पारिवारिक विचलन, द्वन्द, प्राकृतिक प्रकोप आदि जस्ता कारणहरुकाट पिडित भई तथा एक्लै बस्ने चाहना र शहर प्रतिको आकर्षणले गर्दा पनि शहरका सडकमा आइपुगेका हुन्छन् । यस्तो विचलित अवस्थका बालबालिकालाई मनोसामाजिक सिद्धान्तको आधार अनुसार पहिचान गर्ने र आचरणगत सिद्धान्त अनुरुप यनीहरुको व्यवहारको अध्ययन गर्ने प्रयास गरिएको छ । भिन्दा-भिनदै परिवार, समाज, संस्कृति बाट आएका बालबालिकाहरु आ-आफ्नो किसिमको पृष्टभूमि बोकेका हुन्छन् जसले गर्दा प्रत्येक विचमा भिन्नता देखा पर्दछ । तर भिन्नताहरुको बीचमा पनि एकै किसमको इच्छा, चाहना तथा आवश्यकता बोकेकाहरुको समूह बन्ने हुँदा समूह सिद्धान्त पनि यस शोध अध्ययनमा प्रयोग गरिएको छ । उपर्युक्त वैचारिक खाकाहरुको आधारमा शोध विषयको व्याख्या विश्लेषण गरी निचोड निकालिएको छ ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

यस भाग अन्तर्गत बालश्रमिकहरुको शिक्षाको स्थिति तथा व्यवस्थापनको अवस्थालाई गहिराईमा गएर बुझ्न तथा व्याख्या विश्लेषण गर्नका लागि विभिन्न खण्डमा विभाजन गरी साहित्यको पुनरावलोकन गरिएको छ । यसको लागि सम्बन्धित शोधग्रन्थ, पुस्तक, पत्रपत्रिका (राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनी प्रावधानहरु), (विभिन्न सरकारी, गैरसरकारी संस्थाहरुले गरेका कार्यहरु)लाई यहाँ इंगित गरी प्राप्त साहित्यको अध्ययन तथा व्याख्या विश्लेषण गरिएको छ ।

### २.२.१ बालश्रमिकको विशेषता

श्रमिक बालबालिकाको शिक्षाको व्यवस्थापनबारे छलफल गर्नु अगाडि उनीहरु को हुन र कस्तो जीवन व्यतित गर्दैछन् भन्ने जान्नु आवश्यक हुन्छ जसले शैक्षिक कार्यक्रममा सिक्ने सिकाउने क्रियाकलापको व्यवस्थापनबारे बुझ्न सजिलो हुन्छ। यिनीहरु को हुन् भन्ने तथ्य पत्ता लाग्छ । यिनीहरुमा देखापर्ने साझा विशेषतालाई नै यिनको पहिचानको रुपमा लिएको छु ।

सामान्यता यस्ता बालबालिकाहरु ६ वर्ष भन्दा माथिका केटाहरु, विद्यालय नगएका, परिवारसँग वा परिवार बाहिर बस्ने, सामाजिक-आर्थिक स्थितिले गर्दा घर छाडेका, अनियमित किसिमको काममा संलग्न, पोषण युक्त खानाबाट बंचित यी बालबालिकाहरु विभिन्न तवरबाट समाजका व्यक्तिहरुबाट शोषित भएका हुन्छन् । सिविसले बालश्रमिकका केही विशेषताहरु पनि जनाएको छ :

- बालश्रमिहरुमा घरले बालश्रमिहरु प्राय बन्द कोठा भित्र रहने गर्दछन् । जसले यस किसिमका बालबालिकाहरुको सूचना र जानकारीहरु पाउन कठिन हुन्छ ।
- बालश्रमिकहरुको पेशा अनौपचारिक पेशाको रुपमा हुन्छ । श्रमिकका तथ्यांकहरु खोजि दैनन् । यिनीहरुको कामलाई कामको रुपमा हेरिदैन । मालिकले प्राय दया मायाले काममा लगाएको जस्तो मानिन्छ ।

- बालश्रमिकहरुमा घरेलु बालश्रमिकहरुको बारेमा तथ्यांकहरु पाउन ज्यादै कठिन हुन्छ । यिनीहरु सरकारी कर्मचारीको दृष्टिमा परेका हुँदैनन् ।
- आमरुपमा ८ देखि १८ वर्ष सम्मका बालबालिकाहरु बाल श्रमिकहरुको रुपमा रहेका हुन्छन् ।
- घरेलु बालश्रमलाई तल्लो तहको श्रमको रुपमा लिइन्छ र अत्यन्त कम तलब दिइने गरिन्छ ।
- अधिकांश घरेलु बालश्रमिकहरु पूर्णकालीन श्रममा संलग्न हुन्छन्, पूर्णकालीन घरेलु बालश्रमिकहरु मालिकको प्रत्यक्ष निगरानीमा हुन्छन् र साह्रै कम स्वतन्त्रताको उपभोग गर्न पाएका हुन्छन् अथवा उनीहरुलाई फुर्सदको समय अत्यन्त कम हुन्छ ।
- बालश्रमिक करीब ९० प्रतिशत घरेलु बालश्रमिक केटीहरु रहने गरेका छन् । उनीहरुमध्ये धेरैजसो माथि यौनशोषण हुने गरेको छ । केटीहरुलाई नै बालश्रमिक राख्न रुचाउनुको कारण घरभित्रको कामलाई ‘आईमाईको काम’ भन्ने गरिन्छ र यसलाई कामको रुपमा मान्यता दिने गरिदैन । केटीहरु शान्त स्वभावका हुन्छन् । काम छोडेर भाग्ने सम्भावन कम हुन्छ भन्ने विश्वास गरिने भएकोले केटीहरुलाई घरेलु बालश्रमिकको रुपमा राख्ने गरिन्छ ।
- कामको प्रकृतिका कारणले यस्तो बालश्रममा लाग्न बाध्य भएका बालबालिकाहरु कम उमेरका, पीडित, पढ्ने अवसरबाट वञ्चित र आत्मबलहीनताको सिकार भएका हुन्छन् ।
- धेरैजसो घरेलु बालश्रमिकहरुलाई तलब दिइँदैन । दिए पनि ज्यादै कम मात्रामा दिइने गरिन्छ । तलब दिइए पनि सो तलब बालश्रमिकले प्रयोग गर्न पाउँदैनन्।
- घरेलु बालश्रमिकहरु प्रायः गरेर खास इलाका, वा जातीय समूहबाट ल्याइने गरिन्छ । यसरी ल्याइएका बालश्रमिकहरुमाथि रोजगारदाताका परिवारले भेदभावपूर्ण व्यवहार गर्ने गर्दछन् ।
- प्रायः जसो घरेलु बालश्रमिकहरु र उनीहरुको परिवारबीचको सम्बन्ध टुटेको हुन्छ । उनीहरुले साथी बनाउने अथवा साथीसंगीसँग उठबस गर्ने, खेल्ने अवसर ज्यादै कम मात्र पाएका हुन्छन् ।

- घरेलु कामधन्दाका लागि कुनै विशेष तालिमको जरुरी पर्दैन सामान्य रेखदेखमा अभ्यास गर्दै सिक्दै जान सकिन्छ ।

तेस्रो सार्क सम्मेलनमा पनि श्रमिक तथा सडक बालबालिकाहरुलाई ३ भागमा वर्गीकरण गरेको छ ।

क) परिवासँग निरन्तर भेटघाट हुने बालश्रमिक तथा सडकबालबालिका

ख) परिवारसँग कहिलेकाँही भेटघाट हुने बालश्रमिक तथा सडकबालबालिका

ग) परिवारसँग सम्पर्क नभएका बालश्रमिक तथा सडकबालबालिका ।

यसरी विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरुबाट भएको अध्ययन तथा अनुसन्धानलाई अध्ययन गर्दा अनाथ, असहाय बालबालिकाहरु घर बाट भागेका अर्थिक स्थिति कमजोर भएका तर घरमा नै बसेर विभिन्न कार्यहरु गर्ने तथा दुर्गन्धित बस्तीहरुमा बस्ने नै श्रमिक बालबालिकाको पहिचान हो भनेर भन्न सकिन्छ । यस्ता बालबालिकाहरु धेरै जसो अनियमित किसिमका कार्यहरु जसमा कुनै विशेष सिप, तालिम र पैसाको लगानी भएको हुँदैन जस्तै : प्लाष्टिक तथा टिनजन्य भाडाँहरुलाई बटुल्ने, गाडी सफा गर्ने, गाडीमा काम गर्ने, जुत्ता पालिस गर्ने अरुको घरमा काम गर्ने, जस्ता कार्यहरुमा संलग्न हुँदा रहेछन् । स्वास्थ्य र पोषण युक्त खानाको अभावले तथा स्वास्थ्य प्रति ध्यान नपुऱ्याउने हुँदा लुतो, ज्वरो, चिसोलाग्ने, टाउको दुख्ने, झाडापखाला, टी.वि.जस्ता रोगबाट पिडित हुने गर्दछन् । विद्यालय त यिनीहरुका लागि थाह नभएको विषय बनेको छ किनभने उनीहरु आफ्नो भविष्य देखि अनविज्ञ छन् । यिनीहरु जुवा, तास, धुम्रपान, र पाकेटमार जस्ता काम मात्र नभई जाँड रक्सी तथा कुलत आदीमा फस्ने गर्दछन् ।

### २.२.२ नेपालमा बालश्रमिकको स्थिति र श्रमिकमा आउनुको कारण

कुल जनसंख्याको ५० प्रतिशत जनसंख्या १८ वर्षमुनिका रहेका छन् (CWIN, 2003) । बालश्रमिकको सन्दर्भमा यिनीहरुको संख्या सामन्यतया गणना नगरिने तथा यिनीहरुको हिंडिरहने प्रवृत्तिले गर्दा जनगणनामा पनि सामेल गराइँदैन जसले गर्दा यकिनन् संख्याबारे भन्न गाह्रो छ । यद्यपि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुले गरेको अध्ययन तथा अनुसन्धानलाई

हेर्दा नेपालमा ५००० को हाराहारीमा श्रमिक तथा सडकबालबालिकाहरु रहेको अनुमान गरीन्छ र नेपालगञ्ज शहरमा श्रमिक बालबालिकाहरु धेरै मात्रमा रहेको देखिन्छ ।

सिविस ले सन् २००५ म नेपालको राजधानी काठमाण्डौ गरेको घरेलु बाल श्रम बाल केन्द्रित र्‍यापिड एसिस्मेन्ट अनुसारः

- प्रत्येक ५ वटा घर मध्ये एउटाले वालश्रमिमहरु राख्ने गरेको कुरा अनुसन्धानले प्रष्ट पारेको छ ।
- प्रायः धनाड्य घरहरुले १ जना पूर्णकालिन घरेलु श्रमिक राख्ने गरेका छन् ।
- समग्रमा भन्दा राजधानी काठमाण्डौ महानगरपालिकामा मात्र १५ वर्ष मुनिका करीब २२ हजार बालबालिकाहरु घरेलु श्रममा संलग्न रहेका छन् ।
- नेपालमा १८ वर्ष मुनिका घरेलु श्रमिकहरु कुल ८३ हजार रहेका छन् । ती मध्ये करीब ४२ हजार ६ सय ७४ जना १४ वर्ष वा सो मुनिका घरेलु बालश्रमिकहरु छन् ।
- ती मध्ये २ तिहाई १० देखि १४ वर्ष सम्मका बालबालिकाहरु काममा संलग्न छन् ।
- यसबाट नेपालमा १० देखि १४ वर्ष कै उमेर देखि घरेलुश्रममा प्रवेश गर्दछन् भन्ने पाइएको छ ।
- ती मध्ये धेरै जसोले तलब नपाएको र आधा भन्दा बढी केटाहरु भएको बताइएको छ ।
- ७२ प्रतिशत घरेलु बालश्रमिकका आमा बुबा दुवै जिउँदै रहेको पाइएको छ ।
- बालश्रममा पठाउने अधिकाँश घरहरुमा ४ देखि ६ जना सम्मको जाहान छ ।

UNICEF, 2005 को सडकवालवालिका सम्बन्धी विश्लेषणात्मक अध्ययन अनुसार बाबु आमाको मृत्यु भएर केटाकेटीहरु अभिभावकविहिन भएको कारण, परिवारको आर्थिक भार सम्भाल्नेको मृत्यु भएर, परिवारको आर्थिक अवस्था विग्रिनाले, वावुले दोस्रो आमा (सौता) ल्याउनाले, आमा छोराछोरी सहित अर्को लोग्नेसँग विहे गर्नाले, बालबालिकाहरुलाई उचित हेरविचार नपुग्नाले, सौता-सौताबीचको अवस्था वा प्रतिस्पर्धाले र सौतनी आमा बाबुको कारणले बालबालिकाहरु घर छोडेर सडकमा आउने भनिएको छ ।

बालश्रमिकको स्थिति र विभिन्न पक्षको अध्ययन अनुसार उनीहरु घर परिवारको विग्रंदो आर्थिक स्थिति, परिवारजनबाट दुर्व्यवहार, शहर प्रतिको बढ्दो आर्कषण वा शहरमा काम गर्न पाइने, स्वतन्त्रता पुर्वक जीवन व्यतित गर्ने अभिलाषा जस्ता कारणहरुले बालबालिकाहरु श्रमिकको रुपमा आइपुगेको हुँदा रहेछन् ।

### २.२.३ बालश्रमिकको शिक्षाको व्यवस्थापन

बालश्रमिकको शिक्षा व्यवस्थापन भन्नाले बालश्रमिकहरुलाई उपलब्ध शैक्षिक अवसरहरु तिनीहरुको हितमा अधिकतम रुपमा समान तरिकाले प्रदान गर्ने, दैनिक समस्याहरुको समाधान गरी शिक्षाप्रतिको पहुँचलाई बढाउने, आइपरेका बाधा अड्चनहरुलाई हटाएर व्यवस्थापमा देखिएका चुनौतीहरुलाई समाधान गर्नु बालश्रमिकको शिक्षा व्यवस्थापन हो । श्रमिकबालबालिकालाई नै दिइने शिक्षाको व्यवस्थापनसँग सम्बन्धित भएका पुर्वसाहित्यहरुको अभावका कारण प्रयाप्त मात्रामा शैक्षिक व्यवस्थापन तथा बालश्रमिकको शिक्षासंग सम्बन्धित भएर गरेका अध्ययन तथा प्रकाशित प्रतिवेदन र गैर सरकारी संघसंस्थाहरुले बालश्रमिकहरुको शैक्षिक व्यवस्थापनको सन्दर्भमा प्रकाशित गरेका धारणा तथा रणनिति आदिलाई यहाँ प्रष्ट गरिएको छ । यसैक्रममा शोधकर्ता बलराम के.सी. (२००१) को सडकबालबालिकाको बाँच्ने सन्दर्भमा हुने सिकाइ सम्बन्धी शोधपत्रलाई पनि पुनरावलोकन गरिएको छ । जसको उद्देश्यहरु सडक बालबालिकाहरु बाँच्न आवश्यक पर्ने सिकाइहरु पत्ता लगाउने, सडक बालबालिकाहरु बाँच्न चाहिने सिकाइहरुमा आइपर्ने चुनौतिहरु के -के हुन्, सडक बालबालिकाहरु बाँच्न चाहिने सिकाइमा आइपर्ने चुनौतिका समाधानका विकल्पहरु के-के हुन? रहेको थियो ।

के.सी., २००१ ले आफ्नो शोधपत्रमा सडकबालबालिकाहरुको सिकाइ, उनीहरुले प्राप्त गरेको वातावरणको विभिन्न पक्षबाट हुने गर्दछ भनेका छन् । उनीहरु केही कुरा निकै प्राकृतिक तरिकाबाट सिक्ने गर्दछन् र विशेष गरेर उनीहरुको सिकाइलाई उनीहरुको आवश्यकता, समय, परिस्थिती र वातावरणको देन मान्न सकिन्छ यसमा पनि मूख्य गरी परिस्थितीलाई उनीहरुको सिकाइको प्रमूख तत्वको रुपमा लिन सकिन्छ भन्ने उल्लेख गरेका छन् ।

के.सी. को अनुसार यसरी सिकाइ सिक्ने बालबालिकाहरुको निम्ति विद्यालय बाहिरको कक्षा (Out of school programme) कार्यक्रम संचालनमा उक्त शैक्षिक कार्यक्रमको उपयोगिता बढाउन निम्न पक्षमा ध्यान पुऱ्याउनु पर्ने भनी उल्लेख गरेका छन् ।

- उनका अनुसार यस खालका बालबालिकाको एकै ठाउँमा धेरै समय सम्म बस्न सक्ने धैर्यता नभएकाले यिनीहरुलाई कक्षा संचालन गर्दा समयावधिलाई यिनीहरुको आचरण संग मिल्ने अनुरुप बनाउनु पर्दछ अथवा अहिले प्रदान गरिने Out of school programme (OSP) को समय भन्दा छोटो बनाउनु पर्दछ ।
- यिनीहरु समुह बनाउने, समुहमा हिँडने तथा कामको प्रकृतिले गर्दा शहरको विभिन्न भागमा बस्ने र घुमिरहने प्रवृतिको कारणले पनि निश्चित ठाउँमा कक्षा संचालन नगरी घुम्ति पद्धति द्वारा शिक्षा दिने व्यवस्था गर्नु पर्दछ ।
- स्वतन्त्र खालको जीवन-यापन व्यतित गर्ने यी बालबालिकाहरु बाँच्नको लागि आवश्यक पर्ने सूचनाको कमीले गर्दा समाज प्रति नकारात्मक धारणाको विकास हुने विभिन्न कूलत तथा अपराधिक गतिविधिमा संलग्न हुन जानाले पनि यिनीहरुलाई पढाई तथा लेखाई सँग सँगै विषेश किसिमको परामर्श प्रदान गर्ने व्यवस्था गर्नु पर्दछ ।
- सडकबालबालिकालाई शिक्षा प्रदान गर्ने कार्यक्रममा उनीहरुको अवस्था तथा सन्दर्भ अनुसार उनीहरुको चाहनालाई ध्यानमा राख्दै सिपउन्मुख शिक्षा प्रदान गर्ने व्यवस्था गरेमा उनीहरुको जीवन यापन लाई यसले तत्काल उकास्ने कार्य गर्न सक्दछ ।
- शिक्षा प्राप्त गर्नु यिनीहरुको मुख्य आवश्यकता नभएकाले यिनीहरुको आधारभूत आवश्यकता जस्तै समयमा खाना, लगाउन, वस्न, तथा औषधी उपचार नपाएसम्म यिनीहरु कुनै पनि शैक्षिक गतिविधिमा ध्यान नपुऱ्याउने भएकाले यसलाई पूर्ण गर्ने व्यवस्था मिलाउन जरुरी हुन्छ ।
- सडक बालबालिकाहरु असंरचित तथा विरोधी किसिमको वातावरणमा रहने भएकाले यस खालका बालबालिकालाई निकै परिपक्व तथा योग्य सहजकर्ता जसले यी बालबालिकाहरुलाई विशेष किसिमको सिपको सहायताले सहि बाटोमा डोऱ्याउन सक्ने हुनुपर्दछ, ( के सिले उदृत गरे अनुसार २००१) ।

शर्मा (२००१) का अनुसार संगठनको निर्धारित लक्ष्य हासिल गर्नका लागि आवश्यक पर्ने साधनहरुको संकलन गरी व्यवस्थित ढंगबाट समन्वय गरी उचित परिचालन गर्ने प्रक्रिया नै

व्यवस्थापन हो । यसैगरी Tery ले पनि व्यवस्थापनलाई एउटा प्रकृया हो भनेका छन् जसमा योजना, संगठन, कार्यन्वयन र नियन्त्रण समावेश हुन्छन् । साथै उद्देश्यहरु निधारण तथा सो को प्राप्ति मानब तथा अन्य साधनको प्रयोगबाट गरिन्छ, ( कोइराला र श्रेष्ठ २०५७) ।

UNESCO, 2001 को सडकवालालिकाको शिक्षा सम्बन्धी एक प्रतिवेदन ले सडकबालबालिकाहरु विद्यालय जाने उमेर पार गरिसकेका, विद्यालय नगएका वा बिचैमा पढाई छाडेका हुनाले यिनीहरुलाई औपचारीक शिक्षा अर्न्तगतको कक्षामा राख्दा विभिन्न समस्या देखा पर्नाले अनौपचारीक शिक्षा मार्फत शैक्षिक अवसर प्रदान गर्ने उपयुक्त हुने कुरालाई उल्लेख गरिएको छ ।

यसरी श्रमिकबालबालिका र शैक्षिक व्यवस्थापनबीचको सम्वन्धलाई अझ प्रष्ट बनाउन शिक्षा मन्त्रालय र शैक्षिक जनशक्ति विकास केन्द्र (२०५८) को भनाई यहाँ सान्दर्भिक देखिन्छ । यसले भनेको छ "शैक्षिक व्यवस्थापनको मुख्य उद्देश्य शिक्षणको विकास र उपयुक्त वातावरणको सिर्जना गर्नु हो ।" श्रमिक वालवालिकाको सन्दर्भमा पनि यहि कुरा लागु हुन्छ भन्न सकिन्छ । किनकी उनीहरुको सिकाइ प्रति चासो बढाउन उनीहरुले खोजेको वातावरण दिन आवश्यक हुन्छ, ( शैक्षिक जनशक्ति विकास केन्द्र २०५८) ।

यिनै दस्तावेज तथा प्रतिवेदनहरुबाट आएको जानकारी लाई नियाल्दा श्रमिकबालबालिकाहरु विभिन्न पृष्ठभूमि, जातजाति, रहनसहन तथा संस्कृति बोकेका हुन्छन् । व्यक्तिगत विभिन्नताका कारण उनीहरु सबैमा शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक र व्यवहारका विकासात्मक अवस्थाहरु फरक फरक हुन्छन् । घरको पारिवारिक र आर्थिक समस्या, वाह्य समाजको अस्वस्थ वातावरण र शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकासमा असन्तुलन र विकृत्तिको कारण प्रत्येक बालकको शारीरिक र वौद्धिक स्तर फरक हुन्छ । त्यसैले यीनीहरुको लागि अनौपचारिक शिक्षा मार्फत पहुँच बढाउनु पर्ने धारणा व्यक्त गरिएको पाइयो । अनौपचारिक शिक्षाको व्यवस्था गर्ने समयमा पनि यिनीहरुलाई विशेष किसिमको ध्यान पुऱ्याउनु पर्ने जानकारीमा आयो । अनियमित किसिमको जीवनयापन विचाउने यस्ता वालवालिकाहरुलाई उनिहरुकै अवस्थामा शिक्षाको व्यवस्थापन गर्नको लागि घुम्ती शिक्षा तथा दूरशिक्षा जस्ता अनौपचारिक शिक्षाको माध्यम अनुसार शैक्षिक व्यवस्थापन गर्नु पर्ने कुरालाई जोड दिएको छ ।

### २.२.४ अनौपचारिक शिक्षा

शिक्षाशास्त्री ला बेलाको सोचाईमा औपचारिक शिक्षाको संरचनाभन्दा बाहिर भएको व्यवस्थित शैक्षिक प्रकृयालाई अनौपचारिक शिक्षा भनिन्छ । यस्तो खाले शिक्षाबाट विशेष समुहले विशेष क्षमता एवं अनुभव आर्जन गर्न सक्छ । अनौपचारिक शिक्षा भन्नाले प्रौढ तथा बालबालिकालाई विद्यालय बाहिर र विद्यालयको भन्दा भिन्न पाठ्यक्रम प्रयोग गरी पढाइने शैक्षिक प्रक्रिया बुझिन्छ (शिक्षा विकास तथा अनौपचारिक केन्द्र, २०५८) ।

अनौपचारिक शिक्षालाई फिलिप एच. कुम्बस र मन्सुर महमदले यसरी परिभाषित गरेका छन् जुन क्रमबद्ध शैक्षिक क्रियाकलाप पूर्ण विकसित पद्धति भन्दाबाहिर छुट्टै रुपमा व्यापक दृष्टिकाणले गरेको हुन्छ र सिकाइका निश्चित उद्देश्यहरु पूरा गर्ने लक्ष्य राखेको हुन्छ । त्यसलाई अनौपचारिक शिक्षा भनिन्छ ( काफ्ले र सिन्हा) । प्रायजसो अनौपचारिक शिक्षा पद्धतिमा विद्यार्थीको वर्तमान इच्छा र आवश्यकता अनुरुपको शिक्षा दिइन्छ भने औपचारिक शिक्षामा प्रायजसो विद्यार्थीको भविष्यको आवश्यकता अनुरुप दिर्घकालीन पाठ्यक्रम तयार गरी शिक्षा प्रदान गरिन्छ, ( शिक्षा तथा अनुसन्धान केन्द्र २०५८) ।

साधारणतया अनौपचारिक शिक्षा राज्यबाट सहयोग प्राप्त वा अप्राप्त हुन्छन् । निश्चित संरचना भन्दा बाहिर संचालन हुन्छ । कक्षामा विद्यार्थीको निश्चित उमेर हुदैन । औपचारिक प्रमाण पत्र हुदैन । कक्षा लचिलो किसिमको हुन्छ । अनौपचारिक शिक्षा सिकाइ केन्द्रित शिक्षा प्रणाली हो अनौपचारिक शिक्षामा शिक्षकले विद्यालयमा पढाउने पुर्व निर्धारित, क्रमबद्ध पाठ्यक्रम भन्दा स्वयं ंरोज्ने पाठ्यपुस्तक (छनोट र विकल्प) लाई जोड दिएको हुन्छ । यसमा मानवीय सम्बन्ध अत्यन्तै नरम (शिक्षक र विद्यार्थीको सम्वन्ध किसिमको हुन्छ । विद्यालयमा शिक्षक र विद्यार्थीको भूमिका तहगत संरचनामा निहित हुने गर्दछ । अनौपचारिक शिक्षाले अभ्यासगत शिक्षा र सिकाइलाई जोड दिन्छ । जबकि विद्यालयले यस्ता सुचनाहरुलाई प्रायः कमै प्रयोगमा ल्याउँदछ । सम्पूर्ण रुपमा अनौपचारिक शिक्षा प्रणली औपचारिक शिक्षा प्रणालीभन्दा निकै लचिलो हुन्छ ।

UNESCO- २००१ को सडकबालबालिकाको अनौपचारिक शिक्षामाथि गरिएको एक अध्ययन प्रतिवेदन अनुसार, अनौपचारिक शिक्षले विशेष गरेर मैत्रीपूर्ण सिकारु केन्द्रित बाटोलाई जोड

दिन्छ जहाँ आवश्यकता विचलित भएका सिकारुहरुको सहभागिता हुन्छ । यसमा पाठ्यक्रम सिकारुसँग सम्बन्धित भएको हुन्छ, समयमा लचकता हुन्छ, खुला र हर्षपूर्ण वातावरण हुन्छ, शिक्षण सिकाइमा धेरै भन्दा धेरै सिकारुको सहभागिता हुने गर्दछ । साथै यस प्रतिवेदनमा यी बालबालिकाहरुको अनौपचारिक शिक्षालाई उपयोगी तथा प्रभावकारी बनाउनको लागि सार्वप्रथम उनीहरु प्रायः शिक्षाको संस्कृति नभएको पृष्टभूमिबाट आएका हुन्छन् भन्ने ख्याल राख्नु पर्दछ । र उनीहरुलाई सिकाइ गराउदा आधारभूत पाठ्यक्रमको साथै दिनमा कम्तीमा ३-४ घण्टाको कक्षा संचालन गर्नु पर्दछ । यसको निम्ति विशेष तालिम प्राप्त शिक्षकको आवश्यकता पर्ने र उक्त कक्षामा विद्यार्थीको आवश्यकता तथा चाहनालाई ध्यानमा राख्दै जीवन उपयोगी सिप सिकाइ गराउनु पर्दछ । अनौपचारिक शिक्षा लिइरहेका विद्यार्थीहरुलाई औपचारिक शिक्षमा लैजाने व्यवस्था पनि गर्नु पर्ने उल्लेख गरेको छ ।

अनौपचारिक शिक्षाले वृहद क्षेत्रलाई समेटेको माथिका छलफलबाट स्पष्ट हुन्छ । विभिन्न लेख तथा पुस्तकालयहरुमा, औपचारिक शिक्षा क्षेत्रमा नअटाएकाहरुलाई उनीहरुको आवश्यकता तथा इच्छा अनुरुपमको सिकाइ अवसर प्रदान गर्ने कार्य अनौपचारिक शिक्षाको माध्यमबाट पूर्ण हुने भएकाले बालश्रमिक तथा सडकबालबालिकाको सन्दर्भमा पनि यो पद्धति उचित देखिन्छ । यस्ता बालबालिका पूर्णतया विद्यालय बाहिर भएकाले उनीहरुलाई समयानुकुल, उनीहरुले नै चाहेको तथा रोजेको विषयवस्तुमा पठन पाठन गराउने कार्य अनौपचारिक शिक्षाबाट सम्भव हुने हुँदा व्याख्याले यहि पद्धतिलाई अंगिंकार गरेको पाइन्छ ।

यी दस्तावेज तथा प्रतिवेदनहरुबाट आएको जानकारीलाई नियाल्दा बालश्रमिकहरु विभिन्न पृष्टभूमि,जानजाति, रहनसहन तथा संस्कृति बोकेको हुन्छन । व्यक्तिगत विभिन्नता का कारण उनीहरु सवैमा शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक र व्यवहारका विकासात्मक अवस्थाहरु फरक फरक हुन्छन । घरको पारिवारिक र आर्थिक समस्या बाह्य समाजको अस्वस्थ्य वातावरण र शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकासमा असन्तुलन र विकृतिको कारण प्रत्येक बालकको शारीरिक, बौद्धीक र आर्थिक स्तर फरक फरक हुन्छ । आधारभूत आवश्यकता को पूर्ति गर्नु यिनीहरुको मुख्य आवश्यकता रहेको हुन्छ । तसर्थ यस किसिमका वालबालिकाहरु ले प्राप्त गर्ने शिक्षाले यिनीहरुको आधारभूत आवश्यकता को पूर्ति गर्न सक्नु पर्छ । आयआर्जन गर्ने किसिम हुनु पर्छ , शीघ्र उपलव्धी प्रदान गर्ने किसिमको हुनु पर्छ । आमाबाबुको मृत्यु भएर, केटाकेटीहरु अभिभावक बिहीन भएर परिवारको आर्थिक भार सम्माल्ने

को मृत्यु भएर, परिवाको आर्थिक अवस्था विग्रिनाले बाबुले दोस्रो सौता आमा ल्याउनाले आमा बाबु छोरा छोरी सहित अर्को संग विवाह गर्नाले , बालबालिकालाई उचित हेर विचार नपुग्नाले, सौता सौता बीचको अवस्था वा प्रतिस्पर्धा र सौतैनी आमा बाबुको कारणले सामान्यता यस किसिमका बाल बालिकाहरुको जन्म हुने भएकोले यिनीहरुलाई प्रदान गर्ने शिक्षाले माया, ममता, इज्जत, प्रतिष्ठा समेत तत्काल प्रदान गर्ने सकिने किसिमको हुनु पर्छ ।

**२.३ शैक्षिक उपयोगिता/उपादेयताः**

प्रस्तुत पनुरावलोकन थत सैद्धान्तिक खाकालाई मैले निम्न कार्य को लागि समेत उपयोगी ठानेको छु :

- बालश्रमिकको लागि शैक्षिक व्यवस्थापन अध्ययन अनुसन्धान कार्यलाई निचोडमा ल्याउन ।
- बालश्रमिक को शैक्षिक व्यवस्थापनको स्थिति बुझ्न ।
- बलश्रमिकको शैक्षिक व्यवस्थापनको अध्ययनसँग सम्बन्धित समस्याबारे जानकारी प्राप्त गर्न ।
- बलश्रमिकको शैक्षिक स्थितिको बारेमा जानकारी हासिल गर्न ।
- बलश्रमिकको शैक्षिक गति विधिको वारेमा जानकारी प्राप्त गर्न ।
- एउटै विषय समस्याको खोजकार्यमा दोहोरिने सम्भावनालई न्यूनिकरण गर्न ।

# परिच्छेद- तीन :
# अध्ययन विधि

“गुणात्मक अनुसन्धानले प्राकृतिक अवस्थामा रहेका घटना तथा वस्तु स्थितिलाई वृहत रुपमा अध्ययन र विश्लेषण गर्ने गर्दछ” (Denzin and Lincoln, 2000) । यो अध्ययन बालश्रमिकको शैक्षिक गतिविधिसँग सम्बन्धित भएर गर्न खोजिएको र उक्त कार्यको निम्ति बालश्रमिकको शिक्षासँग सम्बन्धित पक्षको गहिराईमा पुग्न आवश्यक भएको हुँदा गुणात्मक पद्धत्तिको प्रयोग गरिएका छ । साथै, आवश्यक सूचना प्राप्त गर्न औपचारिक तथा अनौपचारिक दुवै प्रकृया अपनाइएको छ । श्रमिक बालबालिकाहरुलाई दिने शिक्षाको सन्दर्भमा शैक्षिक व्यवस्थापनको अवस्था पत्तालगाउनका लागि निम्न अध्ययन विधिहरुको प्रयोग गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

अनुसन्धान गर्न निश्चित विधिको आवश्यक पर्दछ । यस अध्ययनको मुख्य उद्देश्य बालश्रमिकहरुलाई प्रदान गरिने शिक्षाको व्यवस्थापनमा केन्द्रित भएकाले सिक्ने सिकाउने प्रकृया तथा वातावरण बारे जानकारी हासिल गर्नु पर्ने हुन्छ । तसर्थ यहाँ गुणात्मक ढाँचा अनुसारको शोध विधि प्रयोग भएको छ ।

## ३.२ तथ्याङ्कको स्रोत तथा प्रकृति

शोध विषयको अध्ययन गर्न आवश्यक पर्ने सूचना सङ्कलन गर्न प्राथमिक तथा द्वितिय दुवै किसिमका तथ्याङ्क सङ्कलन विधिहरुको प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्क सङ्कलनको लागि अवलोकन (अनुसुची-२) तथा अन्तर्वार्ता ( अनुसूची ३ र ४) विधिको प्रयोग भएको छ । जसमा अवलोकन विधि बाल श्रमिकहश्रको व्यवहार पत्ता लगाउन प्रयोग गरिएको छ । अन्तर्वार्ता विधि बाल श्रमिकहरुको शिक्षा, शिक्षाको व्यवस्थापन, व्यवस्थापन प्रतिको अनुभव, जिज्ञासा, समस्या र समस्या समाधान गर्ने विकल्पहरु पहिचान गर्न प्रयोग गरिएको छ । द्वितीय तथ्याङ्कका लागि सम्बन्धित विषयमा भए गरिएका राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाको अनुसन्धान, पत्रपत्रिका, प्रतिवेदन, रचना, समाचार पत्र आदिलाई आधार बनाइएको छ ।

## ३.३ नमुना छनौट प्रकृया

### क) संस्था छनौट

नेपालगञ्ज ठूलो तथा घना बस्ती भएको शहर हो । यस शहरमा बालश्रमिकहरुको संख्या रहेको छ । यो अध्ययन श्रमिक बालबालिकाहरुलाई प्रदान गरिने अनौपचारिक शिक्षाको व्यवस्थापनमा केन्द्रित भएकाले, बाँके जिल्लाको बालश्रमिकहरुलाई शैक्षिक अवसर प्रदान गर्ने केही संस्थाहरु मध्ये ज्ञानोदय खुला शिक्षा विद्यालय नाम गरेको संस्थालाई उद्देश्यमुलक विधि अनुसार यस अध्ययनमा समावेश गरिएको छ । (अनुसूची- १)

### ख) नमुना छनौट प्रकृया

यस अनुसन्धानको उद्देश्य तथा शोधको विषयवस्तुको आधारमा संयोग छनौट (random Sampling) विधि प्रयोग गर्दा छानिएको नमुनाबाट वास्तविक प्रतिनिधित्व हुन सक्ने सम्भावना कम हुने भएकाले नमूना छनौट गर्दा उद्देश्यमुलुक छनौट (Purposive Sampling) विधिको प्रयोग गरिएको छ । यस विधि अनुसार ज्ञानोदय खुल्ला शिक्षा विद्यालय मा अनौपचारिक शिक्षा लिइरहेका विद्यार्थीहरु मध्ये कक्षामा प्रायजसो उपस्थित हुने श्रमिक बालबालिकाहरु, कक्षा कोठामा बालबालिकाहरुलाई सहयोग गर्ने सहजकर्ता तथा संस्थाको संयोजन कर्तालाई यस शोध अध्ययनको नमुनाको रुपमा छनौट गरिएको छ । यिनै निर्धारित जनसंख्याबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्राप्त प्रतिक्रिया तथा अनुभवहरुलाई अध्ययनमा समेटने प्रयत्न गरिएको छ । कक्षा कोठामा कहिलेकाँही उपस्थित हुने ४० विद्यार्थिहरु मध्ये प्रायः कक्षामा उपस्थित हुने जम्मा १५ जना बालबालिकाहरुको छनौट गरिएको थियो ।

## ३.४ तथ्याङ्क संकलनका साधनहरु

प्राथमिक तथ्याङ्क सङ्कलनका निम्ति निम्न साधनहरुको प्रयोग गरिएको छ ।

**क) अवलोकन फारम**

कक्षाकोठामा श्रमिक बालबालिकाहरुले सिकाइ प्रति देखाउने व्यवहार, उनीहरुको शिक्षण क्रियाकलाप तथा विधिहरुको अवलोकन गर्नका लागि अवलोकन फाराम तयार गरिएको थियो । (अनुसूची २ मा संलग्न छ )

**(ख) अन्तर्वार्ता प्रश्नावली**

अन्तर्वार्ताको उद्देश्य मानिसको मन वा दिमाग भित्र रहेका तथ्यहरु तथा विचारहरुलाई जस्ताको त्यस्तै उतार्ने मात्र हैन उसका दृष्टिकोणहरुको मुल्याङ्कन गर्नु पनि हो (Patton, 1990, Cited in K.C - 2001) । त्यसैले बालश्रमिकहरुको शिक्षाप्रतिको दृष्टिकोण तथा संस्थाबाट संचालित भएका अनौपचारिक शिक्षा कार्यक्रमको गहिराईसम्म पुग्नको लागि अन्तर्वार्तालाई एक सशक्त माध्यमको रुपमा लिइएको थियो ।

कक्षामा प्राय जसो उपस्थित हुने १५ जना बालश्रमिकहरुसँग तथा सो बालबालिकाहरुलाई कक्षाकोठामा सिकाइको निम्ति सहज वातावरणको सृजना गराउने दुई जना सहजकर्ताहरु तथा शैक्षिक संयोजनकर्तासँग अर्न्तवार्ता प्रश्नावलीहरु (अनुसूची - ३ र ४) तयार गरी छुट्टा-छुट्टै अन्तवार्ता लिइएको थियो । साथै थप सूचनाहरु थाहा पाउनको लागि उक्त संस्थाको संयोजनकर्ता तथा अन्य व्यक्तिहरुसँग पनि अन्तर्वार्ता लिइएको थियो ।

श्रमिक तथा सडकबालबालिकाको शैक्षिक व्यवस्थापन सम्बन्धी अनुसन्धानलाई थप सहयोगी सूचनाहरुको आवश्यकता भएकाले अनुसन्धानसँग मेल खाने प्रकारका दस्तावेजहरुको समेत अध्ययन विश्लेषण गरी आवश्यक सूचना लिने प्रयास भयो ।

**३.५ तथ्याङ्क संकलन प्रक्रिया**

बाँके जिल्ला भत्रिको बालश्रमिकहरु मध्ये ज्ञानोदय खुला शिक्षा नामक विद्यालयको गति विधिमा मात्र सिमित रहेको बालश्रमिकहरुको शैक्षिक व्यवस्थापन सम्बन्धी अध्ययनमा तथ्यांकहरु संकलन गर्दा निश्चित जनसंख्या समेटेको भए अत्यन्त राम्रो भएता पनि बालश्रमिकहरुको नियमित तथा स्थायी बसोवास हुने नहुने भएकोले गर्दा कक्षाकोठामा उनीहरुको उपस्थितिमा

अनियमितता भएको, एक चोटिको अवलोकन तथा अन्तरवार्ताको छनोटमा परेका बालबालिकाहरु अर्को पटक भेट नभएको हुँदा आवश्यक सूचना प्राप्त गर्न कठिनाई परेको थियो । साथै बाल बालिकाहरु अन्तरवार्ता दिन त्यति इच्छुक नभएकोले पनि चाहिएको जति सूचना संकलन गर्नबाट बञ्चित हुनुपर्‍यो तर संयोजनकर्ता र सहजकर्ताको सहयोगी भावना र अनुसन्धानसँग मेल खाने अन्य प्रकारको दस्तावेजहरुको संकलनले अध्ययनको लागि आवश्यक सूचनाहरु संकलन गरिएको थियो ।

**३.६ तथयाङ्क व्याख्या र विश्लेषण प्रक्रिया**

अध्ययनको लागि प्राथमिक र सहायक स्रोतहरुबाट सङ्कलित तथ्याङ्कहरुलाई जस्ताको त्यस्तै प्रयोग गर्न सार्थक हुँदैन । किनकि शुरुमा सङ्कलन भएका कतिपय तथ्याङ्कहरु अव्यवहारिक, अस्पष्ट र अनावश्यक पनि हुन सक्छन् । वास्तवमा सुरुमा प्राप्त भएका तथ्याङ्कहरु कोरा हुन्छन् । तसर्थ कोरा तथ्याङ्कहरुलाई प्रशोधन वा छनौट गरी स्पष्ट, अर्थपुर्ण र व्यवस्थित बनाउनु पर्ने हुन्छ । विषयको प्रकृति अनुसार तथ्याङ्क विश्लेषण विधिहरु भने फरक फरक हुन्छन् ।

यहाँ तथ्याङ्क सङ्कलन गर्न प्रयोग गरिएक साधनहरु र प्राप्त तथ्याङ्कहरुको स्वरुपको आधारमा तथ्याङ्कलाई गुणात्मक तरिकाले विश्लेषण गरिएको छ । तथ्याङ्क विश्लेषणको गुणात्मक तरिका (Qualitative Process) अनुसार कोरा तथ्याङ्कलाई छानविन गरी अनावश्यक र असान्दर्भिक तथ्याङ्कहरु हटाइएको छ । कतिपय अस्पष्ट सूचनाहरुलाई विश्लेषणात्मक अध्ययन गरी स्पष्ट र अर्थपूर्ण बनाइएको छ । शोध विषयसँग सम्बन्धित सूचनाहरुलाई अनुसन्धानको साधन र अध्ययनको जनसंख्याको भिन्नताको आधारमा समुहीकरण गरिएको छ । तथ्याङ्कलाई गुणात्मक पक्षबाट विश्लेषण गरी उद्देश्य केन्द्रित बनाउन सान्दर्भिक सिद्धान्तहरुको आधार लिइएको छ । समस्याको अध्ययनलाई दिशा बोध गराउन उपलब्ध तथ्याङ्कहरुको व्याख्यात्मक तरीकाले विश्लेषण गर्दै पूर्व निर्धारित सिद्धान्तहरुसँग सम्बन्ध जोड्ने प्रयत्न गरिएको छ । यसरी तथ्याङ्कलाई विश्लेषण गरी शोध अध्ययनलाई निष्कर्षमा पुर्‍याउन विशेष गरेर गुणात्मक विश्लेषण प्रक्रिया (Qualitative analysis process) को प्रयोग गरिएको छ ।

# परिच्छेद- चार :
# तथ्याङ्क व्याख्या तथा विश्लेषण

यस अध्ययनको क्रममा नेपालगंज शहरमा रहँदै आएका वाल श्रमिकहरुलाई उनीहरुको आधारभूत आवश्यकताको सुनिश्चिततामा सहयोग गर्दै आएका केही संस्था मध्ये ज्ञानोदय खुला शिक्षा विद्यालय नाम गरेको संस्थालाई अध्ययनको लागि आवश्यक सूचनाको स्रोतको रुपमा लिइएको थियो । यस संस्थामा आएर शिक्षाको अवसर प्राप्त गर्दै गरेका १५ (पन्ध्र) जना पूर्ण बालश्रमिकहरुलाई अध्ययनका लागि छनौट गरिएको थियो । वालश्रमिकका साथै त्यस संस्थाका शैक्षिक संयोजनकर्ता र सहजकर्ताहरुबाट लिइएको अन्तर्वाता तथा अवलोकनलाई नै आधार मानी प्राप्त सूचनाको व्याख्या तथा विश्लेषण गरिएको छ । प्राप्त सूचना/जानकारीलाई उद्देश्य अनुरुप वर्गिकरण गरि विश्लेषण गरिएको छ ।

## ४.१ वालश्रमिकको शैक्षिक स्थिति

यस संस्थामा आएर शिक्षा लिने बालश्रमिकहरुलाई शिक्षा प्रतिको दृष्टिकोणसँग सम्बन्धित हुने गरी लिएको अन्तर्वाताद्वारा प्राप्त सूचनाहरुबाट आएको उत्तरहरुलाई समष्टिगत मूल्यांकन र विश्लेषण गर्दा संस्थामा आएका श्रमिकबालिकाहरु पहिल्यै विद्यालय गएका तर छाडेका छन् । १५ जना उत्तरदाता मध्ये १५ जनै विद्यालय गएका तर विभिन्न कारणवश बीचैमा पढाई छाडेको थिए । विद्यालय गएका मध्ये पनि ८ जनाले कक्षा ६ भन्दा तलको शिक्षा हासिल गरेका तथा ७ जनाले ५ भन्दा माथि तर ८ कक्षा पास नभएका थिए ।

छानिएका बालबालिकाहरुले ६० प्रतिशतले विद्यालय छाडनुको कारण घरायसी समस्या देखाए । वालिवालिकाहरुको अनुसार घरमा बुवा आमाले पढाईमा भन्दा पनि काममा बढि ध्यान लगाउन आग्रह गर्दथे, अभिभावकहरु घर बाहिर ज्याला मजदुरी गर्न जाने हुनाले घरमा साना भाई बहिनीको हेरचाह गर्नुपर्ने भएकाले पनि विद्यालय जान समय नहुने जसले गर्दा विद्यालय जाने बानी छुट्दै गएको र ३० प्रतिशतले विद्यालय टाढा भएकोले छोडेको जानकारी दिए भने १० प्रतिशतले विद्यालयमा गएमा दिनभरी बस्नु पर्ने मन नलागे पनि पढ्नु पर्ने साथीहरुसँग घुम्न खेल्न नपाएको हुँदा पनि पढ्न जान छोडेको जानकारी दिए । UNICEF, 1996 ले

बालवालिकाहरु श्रम उत्रने सम्बन्धमा दिएको कारण र बालश्रमिकको भनाईलाई हेर्दा परिवारको दयनिय आर्थिक स्थिती, अभिभावकले शिक्षामा भन्दा श्रममा बढि जोड दिएको आदि जस्ता कारणले बालबालिकाहरु श्रम गरेर कही कमाउन तथा घरमा काम गर्नु पर्ने तथा पढ्नुलाई पनि समय निकाल्नु पर्ने जस्तो बोझले गर्दा पनि श्रममा आएको र पढाईबाट बन्चित भएको उल्लेख गरेको छ ।

घर नै मानिसको सामाजिकीकरणको पहिलो ठाउँ हो भनेर एरिक एरिकसनले मनोसामाजिक सिद्धान्त (Psycho social theory) मा उल्लेख गरेका छन् (Cited in K.C. 2001)। उनले बालकको पहिलो पाठशाला परिवार हो, यदि परिवारिक स्थिति विचलन हुन पुगेमा सम्पूर्ण व्यक्तित्व नै प्रभावित हुन पूग्दछ भनेका छन् । उत्तरदाताहरुबाट प्राप्त सूचना अनुसार एरिकसनको सिद्धान्तलाई आधार मानी हेर्दा बालश्रमिकहरुको शैक्षिक स्थिति प्रभावित हुनुमा घर परिवारको ठूलो भूमिका रहेको बुझियो । परिवारको सामाजिक र आर्थिक अवस्थाले नै यी बालबालिकाहरुको शिक्षामा नकारात्मक असर परेको रहेको रहेछ भन्ने पुष्टि हुन्छ ।

उनीहरुसँग गरिएको अन्तरक्रियाबाट प्राप्त सूचनाको आधारमा प्रायः सबै बालश्रमिकहरुको दृष्टिकोण शिक्षाप्रति सकारात्मक नै देखियो । घरायसी वा यस्तै अन्य कारणले गर्दा विद्यालय छाडेकोमा अहिले पश्चताप गर्दै ८० प्रतिशत बालबालिकाले मिलेको खण्डमा फेरी विद्यालय जाने रहर देखाएका थिए । विद्यालय जाने मनस्थिति बोकेका २० प्रतिशत बालकमा भने संस्थाबाट दिने जानकारी विद्यालयको जस्तो उपयोगी नभएको भनी बताए । ४० प्रतिशतले भने विद्यालय गएर समयमात्र खेर जाने, उमेर पनि धेरै भएकोले कक्षा कोठामा आफु अरुसँग नमिल्ने जसले गर्दा लाज लाग्ने जस्ता जानकारी दिए । साथै, यस संस्थामा हालसाल हासिल गरिरहेको जस्तो शिक्षा, सिप सिकाइ तथा उपयोगी जानकारीहरु उनीहरुले चाहेको बेलामा उपलब्ध गराएमा उनीहरुले काम गरेर कमाउनुको साथै धेरै कुरा सिक्न पनि पाउने र आफ्नो स्थितिमा विस्तारै विकास पनि हुँदै जानेमा विश्वस्त देखिन्थे । उनीहरुसँग गरिएको कुराकानीको आधारमा ९९ प्रतिशत वालवालिकाहरु पढ्न इच्छुक देखिन्थे । अर्थात उनीहरुमा कुनै पनि कामको लागि ज्ञानको आवश्यकता पर्ने र उक्त ज्ञान शिक्षाबाट हासिल गर्न सकिन्छ भन्ने भावनाको विकास भईसकेको देखियो । जस्तै : एक उत्तरदाताले पढाई प्रति आफ्नो दृष्टिकोण व्यक्त गर्दै भने “पढे भने ठूलो मान्छे भइन्छ (नायक राजेश हमाल जस्तो) नाम कमाइन्छ पैसा

कमाइन्छ र जो कोहीले पनि सम्मान गर्छन आफुले चाहेको खान लगाउन पाइन्छ र सबै काम सजिलो हुन्छ ।

माथिको भनाईलाई के.सी.२००१ ले उल्लेख गरेको जस्तै यिनीहरुको आधारभूत आवश्यकता शिक्षा नभई खाने, बस्ने औषधि उपचार भएकाले यसमा पहिला ध्यान पुऱ्याउनु पर्दछ भन्ने भनाईसँग मिलाएर पुष्टि गर्न सकिन्छ । यसबाट के भन्न सकिन्छ भने वालश्रमिकहरुलाई दिने शिक्षाले उनीहरुलाई तत्काल केही आय आर्जन गर्न सक्ने र उनीहरुको आधारभूत आवश्यकतालाई केही हदसम्म भए पनि पुरा गर्न सक्ने खालको हुनु पर्दछ ।

२० प्रतिशतले सुविधा पाएको खण्डमा धेरै पढ्ने समेत विचार व्यक्त गरे । १० प्रतिशतले अंग्रेजी फरर बोल्न सक्ने हुनको लागि शिक्षा लिइरहेको बताए भने, १५ प्रतिशतले हिसाब किताब राख्न सजिलो होस भनेर पढ्न आएका रहेछन् । १० प्रशितले भने आफुलाई कसैले पनि नठगोस भन्ने हेतुले शिक्षाको महत्व रहेको र कक्षामा आफु उपस्थित भएका थिए । यसैगरि बाँकीले भने विभिन्न खालका प्राविधिक सिप सिकेर भविष्यमा आय आर्जन गर्न हुन्छ भन्ने कारणले शिक्षा हासिल गर्न आएको जानकारी दिए ।

यहि सन्दर्भमा ७ जना सहजकर्ताहरुको भनाई अनुसार पनि वालश्रमिकहरुमा शिक्षाको आवश्यकता बोध भइसकेको र उनीहरुले आफ्नो भविष्यलाई उज्यालो बनाउनको लागि विभिन्न उपायहरुको पहिचान गर्न र सोही अनुसारको सिकाइ सिक्नको लागि कक्षा कोठामा उपस्थित हुने गर्दछन् । सहजकर्ताले यसै विषयमा थप्दै "श्रममा आए पछि बाँच्नको लागि गर्नु परेको संघर्षले गर्दा उनीहरुमा शिक्षा प्रतिको सकारात्मक विचार उत्पन्न भएको र यहि कारण कक्षामा उपस्थित हुन आउँदछन्" भन्ने विचार व्यक्त गर्नु भएको थियो ।

यसबाट झन स्पष्ट हुन्छ कि वालश्रमिकको विचारमा शिक्षाको आवश्यकता मानिसको दैनिक व्यवहारलाई सरलतातिर लैजान तथा मानिसका आय आर्जन सम्बन्धी क्रियाकलापमा सक्षम बनाई जिवनस्तर उकास्नका लागि आवश्यक पर्दछ । सहजकर्ताहरुको भनाई अनुसार पनि वालश्रमिकहरु अत्यन्त कष्टकर जीवन व्यतित गरिरहेका हुन्छन् । फोहोर टिप्ने, त्यहिँ फोहोरमा भएको अन्तर्गतको खानेकुरा खाने, श्रममा नै उनीहरुको सम्पूर्ण क्रियाकलाप गर्ने हुनाले

उनीहरुको समय श्रममा नै व्यतित हुन्छ । श्रममा उनीहरुले विभिन्न किसिमको घटना तथा दुर्घटनाको सामना गर्नु पर्दछ । यसैले वालश्रमिकलाई विभिन्न दुर्घटनाबाट जोगाउन उनीहरुलाई अझ शिक्षाको आवश्यकता पर्ने सहजकर्ता तथा संस्थाको अध्यक्षको भनाई थियो ।

उपर्युक्त तथ्यको व्याख्या र विश्लेषणबाट निम्न कुराको पुष्टि हुन्छ । कि वालश्रमिकहरु पनि पढ्न लेख्न चाहन्छन् । उनीहरुले शिक्षाको आवश्यकताबारे यसलाई सकारात्मक रुपबाट बुझेका छन् तर उनीहरुको आधारभूत आवश्यकता यसमा प्रमुख तगारोको रुपमा रहेको थाह पाइयो । संस्थाले गरेका अनेकन प्रयासहरुले गर्दा वालश्रमिकमा यी परिवर्तन देखिएका थिए । शिक्षा प्रतिको आवश्यकता महशुस गराई उनीहरुको आधारभुत आवश्यकतालाई ध्यानमा राखी उनीहरुले खोजेको वा रोजेको विषयवस्तुमा उपयुक्त वातावरण दिदै सिकाइ गराउन सकेमा उनीहरु शिक्षा प्रति आकर्षित हुने रहेछन् भन्ने तथ्य पत्ता लाग्यो ।

## ४.२ वालश्रमिकको शैक्षिक  व्यवस्थापनको स्थिति

वालश्रमिकहरुलाई प्रदान गरिएको शैक्षिक अवसरको व्यवस्थापनको स्थिति पत्ता लगाउनको लागि मुख्य गरेर सिक्ने/सिकाउने क्रियाकलापसँग सम्बन्धित भएर संस्थाको शैक्षिक संयोजनकर्ता, सहजकर्ता तथा वालश्रमिकहरुसँग अन्तर्वाता लिइएको थियो । साथै, उक्त सुचना प्राप्तिको लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा त्यहाँको क्रियाकलापहरुलाई अवलोकन पनि गरिएको थियो ।

ज्ञानोदय खुला विद्यालय नामक संस्था विभिन्न कारणले गर्दा विद्यालयबाट टाढा भई श्रमिकमा आइपुगेका बालबालिकालाई अनौपचारिक शिक्षाको अवसरबाट सशक्त बनाउँदै राष्ट्र विकासमा सहयोग पुऱ्याउँदै आएको देखियो । यसको लागि यस संस्थाका पाइलट प्रोग्रामको रुपमा अनौपचारिक शिक्षा केन्द्र राखि कक्षा संचालन गरेको पाइयो । त्रिपाठी, १९९२ ले भने जस्तै अनियमित किसिमका कार्यमा संलग्न यी बालबालिकाहरुको बसोवास गर्ने स्थान पनि एकै ठाउँ नभएर परिवर्तन भइरहने हुँदा संस्थाले निश्चित स्थानमा कक्षा संचालन गर्दा सबैको पहुँचमा नआउने भएकाले घुम्ति शिक्षा, दुर शिक्षा जस्ता वैकल्पिक मार्ग द्वारा पनि अनौपचारिक शिक्षा

प्रदान गर्ने गरेको पनि देखियो । यस खालको वैकल्पिक मार्गमा कक्षामा उपस्थित हुन नसेका वालबालिकाहरुलाई माध्यनजर राखी शिक्षा प्रदान गरेको जानकारीमा आयो ।

अनौपचारिक शिक्षाको कक्षामा विभिन्न उमेर समुहका तथा भिन्न-भिन्न पृष्ठभूमिबाट छुट्टा-छुट्टै इच्छा र चाहना बोकेर आएकाहरुको विचमा देखिने विभिन्नताले गर्दा यी वालबालिकाहरुको शिक्षाको निम्ति आवश्यकतामा आधारित उपाय (Need based approach) लाई मुख्य जोड दिइएको पाइयो । यस उपाय अनुसार कक्षामा आएका बालवालिकाहरुले चाहेको वा उनीहरुको आवश्यकताको विषयवस्तुमा सिक्न लगाउने गरेको देखियो जस्तै कुनै सिकारु चित्र बनाउन चाहन्छ भने उसलाई चित्र बनाउन सिकाउने र त्यसै चित्रको मार्फतबाट अन्य आवश्यक विषयवस्तुबारे जानकारी दिने, यदी कोही पढ्न/लेख्न चाहन्छ भने उनीहरुलाई सोही अनुसार शिक्षा दिने, अंक सम्बन्धि ज्ञान हासिल गर्न चाहनेहरुलाई अंकको माध्यमबाट सिकाइ गराएको पाइयो । साथै संस्थाले यी वालबालिकाहरुको आवश्यकतालाई पहिचान गर्दै सो अनुसारको सिकाइ कार्य गरी उनीहरुको शैक्षिक व्यवस्थापनलाई प्रभावकारी गराउनको निम्ति सिकारु केन्द्रित शिक्षण विधिलाई कक्षाकोठामा अपनाएको पाइयो ।

केटाकेटीका बहुपक्षीय प्रतिभाको विकास गर्न उनीहरुको उमेर, क्षमता, स्तर, रुचि अनुसारका विषयवस्तु छनौट गरी उचित वातावरणमा केटाकेटीहरु स्वंयलाई सक्रिय बनाउने सहज शिक्षण सिकाइ क्रियाकलाप सिकारु केन्द्रित शिक्षणविधि अन्तर्गत पर्दछ । यस संस्थाले सिकारु केन्द्रित शिक्षण विधिलाई अपनाउँदै कक्षा संचालयन गर्दा निम्न क्रियाकलापमा जोड दिई कक्षाको व्यवस्थापन गरेको देखियो ।

- भलाकुसारी
- सहजकर्ताको सन्देश
- समाचार आदान प्रदान
- कथा सुन्नु सुनाउनु
- अक्षर, शब्द, वाक्य सम्बन्धी अभ्यास
- अंक सम्बन्धी ज्ञान
- सृजनात्मक सिकाइ (चित्रकोर्ने, गीत/कविता रचना आदि)
- खेल, सरसफाई र कला प्रदर्शन
- समूह अभ्यास

कक्षामा सजिलो वातावरण ल्याउन बालवालिकासंग भलाकुसारी गर्दै कक्षाको शुरुवात गरिएको पाइयो । सहजकर्ताले त्यो दिन गराइने क्रियाकलापबारे जानकारी गराएपछि बालबालिकाहरुबाट पनि आफुले प्राप्त गरेका विभिन्न जानकारी, घटना, समाचारहरुबारे उनीहरुले देखे बुझे अनुसारको समाचार सुनाउने कथा भन्ने कार्य गराउने देखियो । के.सी. २००१ ले सडकबालश्रमिकले सिकाइ सिक्ने सन्दर्भमा दिएको निष्कर्ष जस्तै यहाँ पनि बालश्रमिकहरु आफ्नो वरिपरिको वातावरण, परिस्थितिबाट जान्दछन र सिक्दछन् भनी विश्वासका साथ उनीहरुलाई कक्षामा उनीहरुले देखेका जानेका र भोगेका विषयबस्तुवारे छलफल तथा अर्न्तक्रिया गराउने गरेको देखियो । यसबाट वालश्रमिकहरु आफै पनि विभिन्न परिस्थितिबाट सिक्ने गरेको संकेत मिल्छ र यस सिकाइलाई सहि वातावरण दिन सकेको खण्डमा यसबाट बालबालिकाहरुमा आत्मविश्वास बढ्नुको साथै सामान्य जानकारीबारे ज्ञान हासिल हुने सम्भावना  देखिन्छ ।

लेखपढको लागि बालबालिकाहरुमा समुह छुट्टाउने गरेको देखियो । देख्न चाहने बालबालिकाको एक समुह जसमा विद्यार्थिहरु चित्र कोर्ने गणित सिक्ने सिर्जनात्मक लेखन आदि जस्ता क्रियाकलाप गर्दथे भने पढ्न चाहनेहरुको समुहमा नेपाली पढ्न सिक्ने कविता पढ्ने अंग्रजी बोल्न सिकेको आदि पाइयो । खेल, सरसफाई कला प्रदर्शन सिपसिकाइ जस्ता अतिरिक्त क्रियाकलाप द्वारा बालबालिकाहरुमा समूहमा काम गर्ने वानि बसाल्न खोजको समूहमा काम गर्दा एक अर्काप्रति गर्ने व्यवहारबारे जानकारी दिने, समूहमा काम गर्दाको फाइदा यसको महत्वबारे विभिन्न तरिकाबाट जानकारी दिएको पाइयो । बालबालिकामा पनि यसको सकारात्मक परिवर्तन देखा परेको अनुभव भयो । समूहमा संलग्न भई कार्य गर्दा उनीहरुमा सामाजिकिकरणको विकास साथ साथै आवश्यक पर्ने महत्वपूर्ण जानकारीहरु विशेष गरि स्वास्थ्यसँग सम्बन्धित जस्तै सरसफाईले स्वस्थ्यमा राख्ने महत्व HIV/AIDS जस्ता जान्नै पर्ने ज्ञानको बारेमा जानकारी हासिल भएको देखियो । उनीहरुमा भएको आन्तरिक प्रतिभालाई विभिन्न कार्यक्रमको सहायता जस्तै नाटक प्रदर्शनी, वादविवाद खेल प्रतियोगिता आदिमा संलग्न गराई उजागर गराउने गरेको पाइयो । अनौपचारिक शिक्षाको कक्षा कोठामा उपस्थित भएका विद्यार्थी औपचारिक कक्षामा जान चाहेको अवस्थामा उसको पढाईको स्तर तथा उमेर हेरी उक्त विद्यार्थीहरु तह पुरा गरे पछि विद्यार्थी औपचारिक शिक्षाको कक्षा तिनको लागि योग्य ठहराइन्छ । केही बालवालिकाहरु औपचारिक कक्षामा जाने गरेको देखियो । यहाँ त्रिपाठी, १९९२

को भनाईलाई राख्न सान्दर्भिक देखिन्छ उनले भने जस्तै सडकबालबालिकाको व्यवहार र उनीहरुको आचरण पनि संस्थामा आउने बेलाको भन्दा भिन्दै भएको र संस्थामा संलग्न भई समूहमा मिलेर पढ्न, खेल्न अरु गरिविधिमा घुलमिल हुन थाले पछि उनीहरुको व्यवहारमा सकारात्मक परिवर्तन भएको पाइयो ।

के.सी.(२००१) ले भनेको जस्तै बालश्रमिकहरुले खोजेको वा इच्छा गरेको विषयबस्तुमा सिक्ने अवसर प्रदान गर्नको लागि उनीहरुको प्राथमिक आवश्यकता पहिला पूर्ति  हुनु पर्दछ । उपयुक्त वातावरण प्रदान गरी समुहमा संलग्न गराउन सकेमा उनीहरुले विभिन्न ज्ञानको कुरा हासिल गर्नुको साथै उनीहरुमा सामाजिकीकरणको विकास हुने र उनीहरु समाजविरुद्धको गतिविधिमा लाग्न नसक्ने भन्न  सकिन्छ । यसै प्रसंगमा आचरणगत सिद्धान्तको आधारमा के भन्न सकिन्छ भने बालबालिकाको सम्पूर्ण बानी व्यहोरा तथा उनीहरुको आचरणको अध्ययन गरेर उनीहरुको योग्यता, क्षमता, अनुभव तथा आवश्यकताको पहिचान गर्दै सो आधारमा शिक्षण सिकाइ गर्दा सिकाइ कार्य बढि प्रभावकारी बन्न सक्नेछ ।

### ४.३ बालश्रमिकको शिक्षाको व्यवस्थापनमा आइ पर्ने चुनौतिहरु

वालश्रमिकको शैक्षिक व्यवस्थापनमा देखा परेका चूनौतिका सम्बन्धमा संस्थाको शैक्षिक संयोजकर्ताले दिनुभएको प्रतिक्रिया अनुसार बालश्रमिकलाई यो कार्यक्रम उनीहरुको लागि नै हो भनेर विश्वास दिन नै सबै भन्दा गाह्रो परेको बताउनु भयो । यहाँ एरिकसनको सिद्धान्तको आधारमा पनि के भन्न सकिन्छ भने यि बालबालिकाहरु सामाजिकिकरणको पहिलो पाठशालाबाट टाढीएको हुनाले यिनीहरुलाई अरुमाथि विश्वास गर्न गाह्रै भएको हो । यस संस्थाले यी बालबालिकाहरुको प्रवृत्ति भिन्दा भिन्दै भएकाले कक्षा व्यवस्थापनको सम्बन्धमा आवश्यकतामा आधारित उपाय (Need based approach) लाई ल्याएको र यो नै चुनौतिको रुपमा देखिएको  थियो । आवश्यकतामा आधारित शिक्षा दिन नसक्नु जस्तै : बालश्रमिकको रुचिमा भिन्नता भएकोले व्यक्तिगत विभिन्नता अनुरुप शिक्षामा ध्यान दिन नसक्नु, समुह विभाजन गर्न नसक्नु, सहजकर्ताको संख्या बढाउन नसक्नु, सबैको आवश्यकता समेट्न नसक्नु जस्ता आवश्यकतामा आधारित शिक्षाका मूख्य चुनौतिहरु देखिए । यस विधि अनुसार सबैको इच्छा तथा आवश्यकतालाई ध्यानमा राखि सोही अनुरुप सिकाइ व्यवस्था मिलाउने रहेको छ ।

प्रत्येक विद्यार्थी एक अर्काबाट भिन्न भएकाले छुट्टा छुट्टै इच्छा तथा चाहना बोकेको देखियो । यसरी एकै समयमा एउटै कक्षा कोठामा भिन्न-भिन्न प्रकृतिका बालबालिकाहरुलाई राखी सिकाइ प्रदान गर्दा सबैले खोजे जस्तो गर्न गाह्रौ भएको, साथै प्राय एउटै सहजकर्ताले एउटा कक्षा सञ्चालन गर्नु पर्ने भएकाले पनि यसलाई मुख्य चुनौतिका रुपमा देखियो ।

विविधताको आचरण बोकेका यी विद्यार्थी मध्ये कोही चिच्याएर पढ्न चाहने , कोही विस्तारै पढ्न चाहने कोही चित्र बनाउन खोज्ने कोही गणित र अंग्रेजी सिक्न खोज्ने आदि कारणले गर्दा कक्षा संचालन गर्न सहजकर्तालाई गाह्रै परेको पाइयो । एकै ठाउँमा स्थिर भएर बस्न नसक्ने प्रवृत्तिले गर्दा प्राय विद्यार्थीहरु भित्र बाहिर गरिरहने हुँदा कक्षा कोठा प्राय अशान्त भएको पाइयो । शान्त वातावरणमा पढ्न चाहनेहरु हो हल्लाले गर्दा पढ्न नसकेको र चाहेको जति सिक्न नसकेको बताउँदै एक विद्यार्थी “मलाई मन मनै तथा शान्त ठाउँमा पढ्न मन लाग्छ तर, यहाँ कोही साथीहरु बेस्सरी हो हल्ला गर्ने हुनाले पढेको दिमागमा रहँदै रहँदैन र कक्षामा आउन पनि मन लाग्दैन” भनी आफ्नो समस्या व्यक्त गरेका थिए । कोही भने आफुलाई सहजकर्ताको आवश्यकता भएको बेलामा सहजकर्ता अरु विद्यार्थीसँग व्यस्त हुने र समय दिन नसकेकाले पनि आफुले खोजेको वा चाहेको विषयवस्तु सिक्न राम्ररी नपाउने हुँदा कक्षामा प्राय नआएको भनि बताएका थिए । बालश्रमिकहरुको बसोबास र कार्यस्थल वरिपरि पर्ने गरि २ वटा शैक्षिक केन्द्रहरु शैक्षिक जनशक्ति र अनौपचारिक शिक्षा केन्द्रले जिल्लामा खोलेको छ । प्रत्येक केन्द्रमा बालबालिकाहरु आफ्नो समय मिलाएर दिनको २ घण्टा आउँदछन् । अनियमित किसिमको गतिविधिमा संलग्न भएकाले बालबालिकाहरुको कक्षामा आउने समयमा पनि अनियमितता हुन पुग्दछ कहिले आउने कहिले नआउने जस्तो व्यवहारले गर्दा अनौपरिक शिक्षाको पाठ्यक्रमको तह तोकिएको समयमा नसकिंदा समस्या देखा परेको भन्ने जानकारी शैक्षिक संयोजनकर्ताबाट आएको थियो । प्रत्येक केन्द्रमा करिब ३० देखि ४० को संख्यामा बालश्रमिकहरुको आवत–जावत भईरहेको पाए । एक जना सहजकर्ताले मात्र यस्तो विविधताले भरिपुर्ण भएको कक्षा संचालन गरिरहेको कार्यले विद्यार्थीको सम्पुर्ण ध्यान ओगटन नसकेको र कहिले काँही सहजकर्ताको अनुपस्थितिमा कक्षा सञ्चालन गर्नमा समस्या देखा परेको देखियो । स्वंयसेवकहरुको संख्या पनि थोरै भएकाले वहाँहरुको सहयोग चाहेको बेलामा नपाइएको जानकारीमा आयो । जुन बालबालिकाहरुलाई दिने शिक्षामा समस्याको रुपमा देखियो । यसले गर्दा पनि वालवालिकाहरुलाई दिने शिक्षामा समस्या देखा परेको थाहा भयो ।

संस्थामा व्यक्तिहरुको समूहमा आउनुको पछाडि आफुलाई सुरक्षित तुल्याउनु तथा सन्तुष्टि हासिल गर्न मात्र नभई उसले एकलै हाँसिल गर्न नसकेका लक्ष्य, चाहना तथा आवश्यकतालाई प्राप्त गर्न पनि आएको हुन्छ । एकै खालको प्रवृत्ति, इच्छा र कार्य बोकेका व्यक्तिहरु पनि एक अर्का प्रति आर्कषित भई समूहमा आउँदछन् । यसरी विभिन्न समूहको निर्माण भए पश्चात प्रत्येक समूहको लक्ष्यलाई ध्यानमा राखी उक्त कार्य प्रति संस्थाले उचित व्यवस्था गर्न सकेको खण्डमा समूहको आवश्यकता पुरा हुनुको साथै संस्थाले अँगालेको लक्ष्य हासिल  हुनेछ तर समूह व्यवस्थापन गर्न नसक्नु चुनौतिको रुपमा देखियो, जस्तै समुदायबाट आएका बालबालिकाहरु हुनु, फरक फरक कारण वस बालश्रमिक बढ्नु, अरुमाथि विश्वास नगर्नु व्यवस्थापनका मुख्य चुनौतिको रुपमा देखिए । जबकी समूह व्यवस्थापनको आधारमा उनीहरु कुन आवश्यकता परिपूर्तिका लागि समूहमा गएका हुन सो को पहिचान गरी व्यवस्था गर्ने कार्य व्यवस्थापकमा हुनु पर्दछ ।

शैक्षिक व्यवस्थापनको चुनौति सम्बन्धी गरिएको माथिको छलफलबाट यो प्रष्ट भएको छ कि बालश्रमिकलाई शिक्षाको लागि कक्षाकोठामा ल्याउन मात्र समस्या नभई यिनीहरु प्रत्येकको आवश्यकता पहिचान गरि सो अनुसारको शिक्षण सिकाइ मात्र एक जना सहजकर्ताको माध्यमबाट गराउँदा कक्षा कोठा कोलाहल हुनुको साथै सिकाइ कार्य त्यति प्रभावकारी नभएको देखियो । सहजकर्ताको साथ साथै कक्षाकोठामा पनि वृद्धि गरी समूहको आचरण अनुसार शिक्षण सिकाइ कार्य गर्दा सिकाइ प्रभावकारी हुन सक्ने देखिन्छ ।

### ४.४ वालश्रमिकहरुको शैक्षिक व्यवस्थापनसम्बन्धी विकल्पहरुको पहिचान

वालश्रमिकहरुलाई शिक्षाको माध्यमबाट विभिन्न अवसरहरु प्रदान गर्दै उनीहरुलाई जीवनको मुलधारमा ल्याउने तथा उनीहरुको व्यक्तित्व विकास गरि राष्ट्र विकासमा सहयोग गर्ने काम यस संस्थाबाट भएको छ । तथ्यांक हरुको संकलन गरी विश्लेषण गर्दा वालश्रमिकको शैक्षिक व्यवस्थापन गर्दा देखा परेका चुनौतिहरुलाई न्युनिकरण गर्न निम्न विकल्पहरुको पहिचान गरिएको छ :

- वालश्रमिकको कक्षा संचालन कार्य नियमित गराउन उनीहरुमा शिक्षाको चेतना सम्बन्धि अभियान चलाउनु पर्दछ ।

- वालवालिकाहरुलाई शिक्षा भन्दा पहिला उनीहरुको आधारभूत आवश्यकता बारे विचार पुऱ्याउनु पर्दछ ।
- कक्षामा वालवालिकाको उपस्थितीको अनुपातमा सहजकर्ताको संख्या भएमा कक्षामा खोजेको जस्तो परिणाम हासिल गर्न सकिन्छ ।
- भिन्न भिन्न इच्छा तथा चाहना लिइ आएका यी बालबालिकाहरुमा एक रुपता नहुँदा कक्षामा कोलाहलको सृजना भएकाले यसलाई न्युनीकरण गर्न यिनीहरुमा समूह छुट्टाउने तथा प्रत्येक समूहमा एक सहजकर्ता या दुई जना सहजकर्ताले एउटै कक्षामा समूह शिक्षा प्रदान गर्ने व्यवस्था गरेमा सजिलो हुन सक्छ ।
- बालश्रमिकहरुले चाहेको खण्डमा कक्षाको संचालन समयमा लचकता (विहान,र साँझ) ल्याउँदा बालश्रमिकहरु यसबाट लाभान्वित हुने देखिन्छ ।
- उनीहरुलाई दिने शिक्षा उनीहरुको इच्छा अनुरुप तथा तत्काल आय आर्जन हुने खालको भएमा उनीहरुको जीवनस्तरमा सुधार हुने सम्भावना देख्न सकिन्छ ।
- वालश्रमिकहरुसँग घुलमिल हुनु र उनीहरुलाई शिक्षाको निम्ति आवश्यकता महशुस गराउनु निकै संवेदनशिल कार्य भएकाले दक्ष तालिम प्राप्त सहजकर्ताको छनौट गर्दा बढी सफलता र लक्ष्य केन्द्रित गर्न सकिन्छ ।
- कार्यन्वयन के कस्तो भइरहेको छ सो सुपरिवेक्षण समय समयमा भएमा कार्यक्रम बढी सफल हुन सक्छ ।

तथ्याङ्कको विश्लेषण पश्चात देखिएका चुनौतिहरु न्यूनीकरण गर्न उपर्युक्त विकल्पहरुको संगसँगै अध्ययन केन्द्रमा चुनौतिहरु न्यूनीकरण गर्न निम्न क्रियाकलापहरु पनि गर्न लगाउने जस्तै :

**क्रियाकलाप**

- सहजकर्ताले सहभागीहरुलाई घरेलु बालश्रमिक आफू जस्तै बालबालिका भएकोले उनीहरुमाथि भइरहेको पीडा कम गर्न तपाई के-के गर्न सक्नुहुन्छ ? भनेर सोच लगाउनुहोस् ।
- सहभागीहरुले सोचिसकेपछि उनीहरुले आफूले सोचेको कुरा बताउन लगाउनुहोस् । बताएका कुराहरुको टिपोट गर्नुहोस् ।

- उत्तर भन्न लगाउँदा छासमिस ढंगले कहिले छात्र अनि कहिले छात्रालाई भन्न लगाउनुहोस् ।
- निष्कर्ष स्वरुप सहजकर्ताले घरेलु बालश्रमिकहरुको अवस्थामा सुधार ल्याउन विद्यार्थी भाईबहिनीहरुले गर्न सक्ने कुराहरु बताइदिने ।

**विद्यार्थी भाइबहिनीहरुले निम्न प्रकारले सहयोग गर्न सक्दछन् :**

- आफ्नो घर, छिमेकमा भएका घरेलु बालश्रमिकहरुप्रति साथी, दाजु, भाई वा दिदीबहिनीको जस्तो व्यवहार गरेर
- आफूले जानेका कुराहरु सिकाइदिएर
- अनोपचारिक बालकक्षा वा विद्यालय पढ्ने जस्ता अवसरहरु दिलाउन तथा त्यस्तो अवसर पाएको खण्डमा उनीहरुलाई जान सहयोग गरेर
- गर्न सक्ने कामहरु गर्न सघाइदिएर
- आफूले पाएका खानेकुराहरु बाँडिचुडी खाएर,
- साना मसिना कुराहरुलाई लिएर बालश्रमिकका विरुद्ध आमाबुबालाई पोल नलगाएर
- घरेलु बालश्रमिकहरुबाट कुनै गल्ती भए आफै सम्झाउने बुझाउने गरेर,
- बालअधिकार तथा बालश्रमसम्बन्धि अन्तर्राष्ट्रिय कानुनको बारेमा जानकारी राखेर,
- देशभित्र बालबालिकाका हक हितका लागि बनेका कानुनहरुप्रति चासो राखेर
- बालधिकारसँग सम्बन्धित कुराहरु घरेलु बालश्रमिकका लागि पनि समान ढंगले लागु हुने कुरा हुन् भन्ने कुराको हेक्का आफूले राखेर र अरुलाई पनि बताएर
- बालबालिकाहरु माथि भएका हिंसाहरुको विरुद्धमा तथा निकृष्ट अवस्थामा रहेका घरेलु बालश्रमिकहरुको पक्षमा कथा, कविता, लेखहरु आदि लेखेर
- गाउँघर, छरछिमेकतिर हुने बालश्रमिकहरुमाथि हुने हिंसाको विरुद्धमा उभिएर, पीडितहरुको पक्षमा बोलेर,
- परिवर्तनको संवाहक भएर,
- गाउँघरमा सञ्चालन गरेका बालक्लब तथा बालबालिकाहरुको समूहहरुलाई सहयोग गरेर

- घरेलु बालश्रमिकहरुको दर्ता गर्न सहयोग गरेर,
- निकृष्ट अवस्था अथवा अत्यन्त दयनीय अवस्थामा रहेका बालबालिकाहरुलाई सहयोग गरेर, उनीहरुको पक्षमा उभिएर ।
- निकृष्ट प्रकारको घरेलु बालश्रमको विरुद्धमा बालभित्ते पत्रिका, तथा अन्य पत्रिकाहरुमा लेख, कविता आदि छपाएर ।
- विद्यालयमा हुने कविता, वादविवाद प्रतियोगिता, वक्तृत्वकला, निवन्ध आदि प्रतियोगिताहरुमा निकृष्ट प्रकारको घरेलु बालश्रमको विषयलाई समावेश गरेर
- निकृष्ट प्रकारको घरेलु बालश्रमको विरुद्धमा चेतना जगाउने किसिमका नाटक साँस्कृतिक कार्यक्रमहरु सञ्चालन गरेर ।

# परिच्छेद -पाँच :

# प्राप्ति, निष्कर्ष तथा सुझाव

## ५.१ प्राप्ति

यो अध्ययनले आधारभूत आवश्यकताबाट वंचित वालश्रमिकहरुको अवस्था प्रति अहिले धेरै संघ संस्थाहरुले चासो देखाई शिक्षा पाउने उनीहरुको अधिकार संरक्षण गर्न तिर लागेका छन् भन्ने देखायो । वालश्रमिकहरु प्रति मानिसहरुको दृष्टिकोणमा परिवर्तन ल्याउनका लागि विभिन्न प्रयासहरु हुन थालेका छन् । औपचारिक शिक्षाबाट वंचित भएका यी बालबालिकाहरुलाई अनौपचारिक शिक्षा प्रदान गर्ने प्रयासहरु हुन थालेको छ । यसको लागि विभिन्न ठाउँमा अनौपचारिक शिक्षा केन्द्रहरुको स्थापना हुँदै गरेको छ । वालअधिकार वारे सचतेना फैलिएको तथा शिक्षाको अधिकारबाट वंचित यी बालबालिकाहरुले अनौपचारिक शिक्षाको माध्यमबाट सुविधा प्राप्त गरेको पाइयो ।

यी बालबालिकाहरु पढ्न लेख्न त चाहन्छन तर यसमा उनीहरुको आधारभुत आवश्यकता र अन्य बालबालिका सरहको सुविधा, इज्जत, र प्रतिष्ठा प्राप्त गर्ने शिक्षाको हेराइ प्रतिको दृष्टीकोण ठूलो तगारोको रुपमा रहेको पाइयो । जसमा आधारभूत आवश्यकता उनीहरुको दैनिक समस्याको रुपमा पाइयो ।

शिक्षा हासिल गर्ने कार्यलाइ सकारात्मक रुपले लिएका यी बालबालिकाहरुमा उनीहरुको आधारभुत आवश्यकतालाई ध्यानमा राखी उनीहरुले खोजेको विषयमा शिक्षण गराए भने शिक्षा प्रति उनीहरुको आकर्षण बढ्ने गरेको पाइयो । जसबाट उनीहरुले उपलव्ध अवसरहरुको उपयोग गर्न सक्ने पाइयो । अनियमित तथा असामाजिक खालका गतिविधिमा संलग्न यी बालबालिकाहरुको शैक्षिक व्यवस्थापन गर्दा यिनीहरुको मनोसामाजिक अवस्थाको अध्ययन गरी यिनीहरुको इच्छा आवश्यकता र चाहनामा विशेष ख्याल गर्दै उनीहरुको तत्काल आवश्यकताको पुर्ति गर्ने तथा निकट भविष्यमा आय आर्जन गर्ने खालको विशेष सिप सिकाइको साथै शिक्षा प्रदान गराए पहुंच सम्वन्धी समस्या समाधान हुने पाइयो । यस्तो खालको जीवन उपयोगी सिप हाँसिल गरी आय आर्जन गर्न सक्षम भई उनीहरुको आत्मविश्वासको वृद्धि हुने

देखियो ।उनीहरुको मनोसमाजिक स्थितिको अध्ययन गरी सोही अनुसारको व्यवस्था हुन थालेकोले उनीहरु समाजिकिकरणतिर उन्मुख भएको देखियो । शिक्षाको अवसर प्रदान गर्दा उनीहरुको रुचि तथा तत्काल आवश्यकतालाई मध्यनजर राखी सोही अनुरुपको शिक्षाको व्यवस्थापन गरेको पाइयो ।

विभिन्न पृष्टभुमिबाट आएका र घुमिरहने बानी बसी सकेको हुँदा उनीहरुलाई कुनै निश्चित समयतालिका भित्र राखेर पढाइ लेखाई गराउनु भन्दा पनि उनीहरुको आफ्नो इच्छा आवश्यकता, समय र व्यक्तिगत विभिन्ता अनुसार सिकाइ गराउने सिकाइ केन्द्र बढि सान्दर्भिक देखियो । सिकाइ केन्द्रमा सहयोगी कार्यकर्ता र पढ्ने सिक्ने सामाग्री पर्याप्त उपलब्ध हुनु पर्ने पनि पाइयो ।

## ५.२ निष्कर्ष

तथ्याङ्कको व्याख्या र विश्लेषण गरी प्राप्तिको आधारमा निम्न निष्कर्ष निकालिएको छ :

शिक्षाको अवसरबाट प्रत्येक बालश्रमिकहरुलाई लाभान्वित गराउनको लागि उनीहरुको आवश्यकता पहिचान गरी सो को सुनिश्चतता पश्चात अनौपचारिक शिक्षामा उनीहरुको पहुँचलाई संघ संस्थाहरुले बढाइरहेका छन् । वालश्रमिकको शैक्षिक व्यवस्थापन सम्बन्धी शोध अध्ययनबाट प्राप्त जानकारीहरुको आधारमा प्रभावकारी शिक्षण सिकाइमा उचित व्यवस्थापनको महत्वपूर्ण भूमिका भएको सोच बढेको छ ।

वालश्रमिकहरुको आवश्यकता पहिचान गरी अनौपचारिक शिक्षाको माध्यमबाट साक्षरताको साथै जीवन उपयोगी सिप सिकाइ गराई आय आर्जन कार्यमा सक्षम गराउने महत्वपूर्ण उद्देश्य लिएता पनि साक्षर बनाउनु सिप सिकाउनु सजिलो छैन । यी वालवालिकाहरुको लागि अनौपचारिक शिक्षा कार्यक्रम सोचे जस्तो सफल नहुनुमा यिनीहरुको अनियमित गतिविधि र सजिलैसँग कसै सित पनि घुलमिल हुन नसक्ने बानी व्योहोरा रहेको छ । तसर्थ यिनीहरुको मनोविश्लेषणात्मक अध्ययन गरी यी बालबालिकाहरु के चाहन्छन ? के गर्दा यिनीहरुले खोजेको र चाहेको जस्तो हुनेछ , आदि बारे जानकारी हाँसिल गरि सोहि अनुरुप शिक्षा प्रदान गर्ने मानसिकता बनेको छ । वालश्रमिकहरु आफ्नो वरिपरिको वातावरण तथा आइपरेको

परिस्थितिबाट सिकाइ सिक्ने गर्दछन् र शिक्षा प्रति यी वालवालिकाहरुमा सकारात्मक धारणाको विकास भइसकेको हुँदा यिनीहरुलाई अनौपचारिक शिक्षाको माध्यमबाट शिक्षाको अवसरको साथै जीवनउपयोगी सिप सिकाइ उनीहरुको जीवनस्तर उकास्नका लागि ठाउँ ठाउँमा अनौपचारिक शिक्षा केन्द्रको स्थापना हुँदै गएको छ ।

वालश्रमिकलाई प्रदान गरिएको अनौपचारिक शिक्षा कार्यक्रम कसैको रहर वा वाध्यता होइन, अनिवार्य आवश्यकता हो तर पनि यसका उपलब्धिहरुमा वृद्धि र विकास गर्न विभिन्न वाधा अडचनको सामना गर्नु परेको र यस कार्यक्रमले चाहेको जति उपलब्धि हाँसिल गर्न सकेको छैन । वाल श्रमिकहरुको चेतनास्तरमा वृद्धि, व्यवहारमा परिवर्तन, अधिकार दायित्व र जिम्मेवारीको वोध, आत्मविश्वास बढाउन तथा जिवन स्तरमा सकारात्मक परिवर्तन ल्याई सामान्य जीवन-यापन गराउनको लागि सम्भावनाका द्वारहरु खोलिरहेका छन् । त्यसैले अनौपचारिक शिक्षाको यस्ता कार्यक्रमहरुलाई बढी प्रभावकारी र परिणाममुखि बनाउन कार्यक्रम संचालन गर्दा देखिएका राम्रा पक्षहरुलाई समेटी कमी कमजोरीहरुलाई हटाई तिनलाई सुधारात्मक संचालन गर्दा देखिएका राम्रा पक्षहरुलाई समेटी कमी कमजोरीहरुलाई हटाई तिनलाई सुधारात्मक दिशातिर अग्रसर गराउनु पर्ने कार्यमा र व्यवहारमा परिवर्तन देखिन थालेको छ र यसका लागि सामूहिक प्रयास, निष्ठा, नैतिकता, सदाचार,र प्रतिवद्धता, सहयोग तथा समन्वयको मात्र खाँचो छ ।

## ५.३ सुझाव

यस अध्ययनबाट प्राप्त निष्कर्षको आधारमा शोधार्थीद्वारा केही प्रयोजनहरु निकालिएको छ । वालश्रमिकको अनौपचारिक शिक्षाको प्रयासको विभिन्न तहमा उपयोगी हुने यी सुझावहरु यस प्रकारका छन् :

- शिक्षाको पँहुच सबै वालश्रमिक बालवालिकामा बढाउनका लागि उनीहरुको समयानुकुल हुने गरी साँझ विहान दिनको दुई पटक कक्षा सञ्चालन गर्ने नीतिलाई शिक्षा प्रदानकर्ताले ल्याएमा बढि भन्दा बढि वालश्रमिकहरु यस अवसरबाट लाभ उठाउने छन् ।

- भिन्न भिन्न उमेर, इच्छा, आवश्यकता,र साँस्कृति तथा चालचलन समुहका बालबालिकाहरु एकै कक्षामा बसी एउटै शिक्षकबाट अध्ययन गर्ने हुनाले यहाँ समूह शिक्षण विधि अपनाएर अध्ययन कार्य गराउँदा शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी हुन सक्छ ।
- समूह शिक्षण विधिबाट शिक्षण गराउँदा पढ्ने, लेख्ने, चित्रकोर्ने,र सिप सिक्ने आदिको समूहहरु छुट्टाएर सोही अनुरुप शिक्षा प्रदान गर्ने व्यवस्था गरेमा वालवालिकाहरुमा पनि आफुले चाहेको विषयवस्तुमा ज्ञान हासिल गर्दा रमाइलो हुनुको साथै सहजकर्तालाई पनि कक्षा सञ्चालन गर्न सजिलो हुनेछ ।
- विद्यार्थीको अनुपातमा सहजकर्ताको संख्या नभएकोले पनि कक्षा व्यवस्थापनमा अप्ठ्यारोको स्थिति आएको देखियो । यसका लागि सहजकर्ताका साथै स्वंयंसेवकहरुको संख्यामा वृद्धि गर्नु पर्ने देखिन्छ ।
- वालश्रमिकको आधारभुत आवश्यकता शिक्षा नभएकाले यिनीहरुको आवश्यकताको ख्याल गरि वा सो को सुनिश्चतता पश्चात शिक्षा प्रति अर्कषित गराउँदा विद्यार्थीहरुमा शिक्षा प्रति रुचि बढ्नुको साथै सिकाइ कार्य प्रभावकारी हुनेछ ।
- बालश्रमिकहरुको आधारभूत आवश्यकता शिक्षाको पहुँचमा मुख्य तगारो भएकोले तत्काल आय आर्जन गर्ने किसिमका सीपमूलक सीप प्रदान गरेमा बाल श्रमिकहरुको शिक्षा प्रतिको पहुँचमा रुचि बढ्ने छ ।
- सुपरिवेक्षणको अभावमा पनि बालश्रमिकको शैक्षिक व्यवस्थापन अस्त व्यस्त देखिएकोले स्पष्ट सुपरिवेक्षणको नीति ल्याएमा शैक्षिक व्यवस्थापनमा सुधार आउने छ ।
- सहजकर्ता, संयोजनकर्ता र व्यवस्थापन पक्षमा बालश्रमिक सम्बन्धी ज्ञानको अभाव भएकोले अभिमुखीकरण कार्यक्रम, सेवा प्रवेश र सेवाकालिन तालिमको व्यवस्था गरेमा बालश्रमिकको शैक्षिक पक्षमा सधार आउने देखिन्छ ।
- बालश्रमिकहरु सामाजिकीकरणको पहिलो पाठशालाबाट टाढा हुने भएकोले उनीहरु अरुप्रति विश्वास नगर्ने भएकोले परिपक्व, दक्ष र मनोविज्ञान सम्बन्धी पूर्ण ज्ञान भएको सहजकर्ताको व्यवस्था गरेमा शिक्षण कार्यक्रम धेरै प्रभावकारी हुनेछ ।

# सन्दर्भ ग्रन्थसूची


CWIN (1990). **Lost Childhood**, Survey reseach on street children of Kathmandu: CWIN.

CWIN (1998). **The current situation of street children in Nepal**. Kathmandu: CWIN.

CWS (1996). **Situations analysis of street children in Nepal**. Kathmandu: CWS

Denzin, N.K & Lincoln, Y.S (2000). **Handbook of qualitative research** (2nd ed.). New Delhi: Sage publication.

Douglas, Mary (1998). **Purity and Danger**. New york: ARK Paperbooks.

K.C. Bala Ram (2001). **How do the street children learn in relation to survival?**. Unpublished dissertation submitted to the Danish University of Education, Denmark.

Pradhan, G. and Tuladhar, S. (2003).**The state of the right of the child in Nepal**. Kathmandu: CWIN.

Prasa, S.B. (2004). **Special education.** Jaipur, India: Pointer Publishes.

Robert, C.B. & Biklen, S.K. (1992). **Qualitative research for education; An Introduction to theory and Methods** (Allyn & Bacon) 2nd edition.

Sharma. A. (2001). **Struggle for dignity, Spotlight monthly, June 15th 2001**, Kathmandu Author.

Tripathi, P.C. (1992). **Successful Organisation Managemnt**. New Delhi: Global Business Press C36.

UNESCO (2001). **Education for working and street children in India**. New Delhi, India: UNESCO

UNESCO (2001). **Life skills in Non-Formal Education: A Review**. New Delhi, UNESCO.

UNESCO (2003). **Understanding and responding to children's needs in inclusive classrooms. A guide for teachers**: UNESCO.

UNESCO (2006). **A study on knowledge, attitudes, practices and beliefs in the context of HIV/AIDS among out-of-school children in Kathmandu and Pokhara**. Kathmandu: Centre Chhapakhana.

UNICEF (1996). **Children and women of Nepal: A situation analysis**. Kathmandu: UNICEF.

UNICEF (2005). **The state of the world children**. Kathmandu: UNICEF.

अन्तरिम संविधान (२०६४) **शिक्षा तथा सास्कृति सम्वन्धि हक ।**

आइ. एल. ओ (1999) **निकृष्ट अवस्थाको बालश्रम सम्वन्धि अन्तराष्ट्रिय महासन्धि,** आइ. एल. ओ **।**

काफ्ले वासुदेव, श्रेष्ठ चन्द्रबहादुर र सिन्हा रामस्वरुप (२०६०), **शैक्षिक प्रशासन र सुपरिवेक्षण**, विद्यार्थी पुस्तक भण्डार, भोटहिटी, काठमाण्डौं ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०५७), **शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार**, विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाण्डौं ।

खनाल, पेशल (२०६१), **शैक्षिक अनुसन्धान पद्धति**, विद्यार्थी पुस्तक भण्डार, काठमाण्डौं ।

**शिक्षामा सामाजिक लिंग (जेण्डर) सम्बन्धी खोज एवं बुझाई, शिक्षाकर्मी तथा लैंगिक केन्द्रबिन्दुहरुका लागि गुणात्मक अनुसन्धानको हातेपुस्तक** (२००५), युनेस्को, व्याङकक ।

शिक्षा विकास तथा अनुसन्धान केन्द्र, (२०५८), **अनौपचारिक शिक्षा**, त्रिपुरेश्वर, काठमाण्डौं ।

सिविस (२००५ ) **घरेलु बालश्रम केन्द्रित अनुसन्धान, काठमाडौ,** सिविस **।**

**साक्षरता समाचार विशेषांक**, (२०५९), अन्तर्राष्ट्रिय साक्षरता दिवस, काठमाण्डौ ।

# अनुसुची - १

## "ज्ञानोदय खुला शिक्षा विद्यालय"

**अवस्थिति**

नेपालगञ्ज शहरबाट करिब ९ कि.मि.पश्चिम खजुरावजार अवस्थित ज्ञानोदय खुल्ला शिक्षा विद्यालय नामको संस्थाको स्थापना वि.सं. २०६३ सालमा भएको हो । पढ्ने सम्पूर्ण सविधाहरु प्रदान गरी काम गर्ने वालवालिकालाई सेवा प्रदान गर्ने उद्देश्यले यो संस्थाको स्थापना गरिएको हो ।

**कार्यक्षेत्र**

मुख्य रुपले कामले तथा आर्थिक विपन्नताले पढ्ने अवसरबाट वंचित भएकोहरुमा केन्द्रित रहेको यस संस्थाले यिनीहरुको अवस्थामा सुधार ल्याउने उद्देश्य लिई यिनीहरुलाई विभिन्न अवसरमुलक कार्यक्रमहरु प्रदान गर्दै आएको छ । ज्ञानोदय खुल्ला शिक्षा विद्यालय ले वैकल्पिक जीविका नमुनाको आधारमा बालबालिकाहरुको सामाजिक आर्थिक आवश्यकताको पहिचान गरी त्यसको सुनिश्चतताको निम्ति शिक्षा तथा सिपमुलक तालिम प्रदान गरी समाजमा उनीहरुलार्य सहभागिताको अवसर प्रदान गर्दै आएको छ । बासको व्यवस्था नभएको यस संस्थाले वालवालिकाहरुलाई अनौपचारिक शिक्षा अन्तर्गत शैक्षिक, शारीरिक (खेलकुद) तथा सामाजिक गतिविधिमा संलग्न गराई उनीहरुको आधारभुत अधिकारलाई सुनिश्चित गराउने प्रयत्न गर्दछ । बालबालिकाहरुलाई उनीहरुको मिल्दो समयमा उनीहरुलाई नै मनमा लागेको विषयमा पढाइने गरिन्छ । बालबालिकाहरुलाई सक्षम बनाईसकेपछि औपचारिक शिक्षामा जान चाहनेलाई विद्यालय र घर जान चाहनेलाई घर पनि पठाउने गरिन्छ ।

**उद्देश्य**

ज्ञानोदय खुल्ला शिक्षा विद्यालयको मुख्य उद्देश्य वालश्रमिकहरुमा केन्द्रित रही उनीहरुलाई वाल अधिकार सम्बन्धि चेतनाको विकास गराई सामाजिक मूलधारमा ल्याउने र पूर्नउत्थानको निम्ति विभिन्न खालका विस्तारित खालका कार्यक्रमहरुको सञ्चालन र विकास गर्नु हो ।

**संस्थाको दृष्टि**

नेपालको काम गर्ने बालबालिकाहरुको अधिकार बोध गराउने ।

**ध्येय**

बालश्रमिकहरुलाई उनीहरुको अधिकार तथा जिवन प्रति लड्नको लागि उनीहरुको योग्यता तथा क्षमतामा सशक्तिकरण ।

## अनुसुची-२

### अवलोकन फारम

संस्थाको नाम :                                मितिः

विद्यार्थीको नामः

| क्र.सं. | व्यवहारहरु | अति उत्तम | उत्तम | मध्यम | निम्न | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कक्षामा अनुशासन | | | | | |
| २ | कक्षामा उपस्थिती | | | | | |
| ३ | साथीहरुसँग मेलजोल | | | | | |
| ४ | कक्षामा सहभागिता | | | | | |
| ५ | व्यक्तिगत सरसफाई | | | | | |
| ६ | सहजकर्तासँग सम्बन्ध | | | | | |
| ७ | बसाईको अवस्था | | | | | |

## अनुसूची-३

**संस्था अन्तर्गतका श्रमिकबालबालिकाहरुसँग लिइएको अन्तर्वाता प्रश्नावली**

- के तिमी कहिल्यै विद्यालय गएका छौ / छैनौ
    - छ भने, कतिसम्म पढेको ? छैन भने, किन नगएको ?
    - विद्यालय जान किन छोडेको ?
- यहाँ कक्षा संचालन भएको जानकारी कसरी वा कहाँबाट पायौं ?
- कसले भनेर यहाँ कक्षामा उपस्थित भएको हो वा आफै आउन मन लागेर आएको ?
- किन पढ्न मन लागेको ?
- पढ्न किन आवश्यक छ ?
- पढ्यो भने के हुन्छ ?
- के तिमी कक्षामा सँधै उपस्थित हुन्छौं/हुँदैन ?
- के तिमीलाई सँधै कक्षामा आउन मन लाग्दछ / लाग्दैन ?
- के ले गर्दा तिमीलाई कक्षामा आउन मन लाग्यो ?
- कक्षामा उपस्थित हुन नपाउँदा तिमीलाई कस्तो महसुस हुन्छ ?
- तिमीलाई कक्षामा आउन के ले अप्ठयारो पार्दछ ?
- कक्षामा तिमीलाई सबै भन्दा के गर्दा रमाइलो लाग्दछ ? किन ?
- पढेर फाइदा हुन्छ कि हुँदैन ?
- कति पढन मन लागेको छ ? किन ?
- कति पढे पछि के हुन्छ ?
- तिमीलाई कक्षामा के गर्दा सबभन्दा राम्रो लाग्दछ ?
- के तिमीले चाहेको कुरा सिक्न पाएका छौ त ?
- यो कक्षा कोठा कस्तो लाग्दछ ?
- यसरी बसेर पढेको कस्तो लाग्दछ ? किन ?
- धेरै जना साथीहरुसँग यसरीसँगै बसेर पढ्दा कस्तो लाग्दछ ? किन ?
- के कारणले तिमीलाई अप्ठ्यारो महशुस हुन्छ ?
- तिम्रो विचारमा यस्तो अप्ठ्यारोलाई कसरी तह लगाउन सकिन्छ होला ?

## अनुसुची–४

### सहजकर्ताहरु तथा शैक्षिक संयोजनकर्तासँग लिइएको अन्तर्वाता प्रश्नावली

- तपाईको अनुभवमा श्रमिकबालबालिकाहरुलाई शिक्षाको अवसर प्रदान गर्दा उनीहरुमा के कस्तो विकासहरु गराउन सकिन्छ ?
- शैक्षिक विकासका लागि तपाईले गरेका कार्यहरु के–के हुन् ?
- श्रमिकवालवालिकाहरुले शिक्षा लिने सम्बन्धमा कतिको चासो देखाउँदछन् ?
- उनीहरुमा शिक्षा प्रति चासो बढाउन के गर्नु पर्छ जस्तो लाग्दछ ?
- उनीहरुले खोजेको जस्तो विषयमा सिकाइ गर्न तपाई के गर्नु हुन्छ ?
- श्रमिकबालबालिका सम्बन्धि कक्षा शिक्षण्मा आएका समस्याहरु के हुन ?
- ति समस्यालाई कम गर्न तपाईले के उपाय गर्नु हुन्छ ?
- उनीहरुको दैनिक समस्याहरु के के हुन ?
- कक्षामा श्रमिकबालबालिका नियमित नआउनुको कारण के होला जस्तो लाग्छ ?
- तपाईको विचारमा उनीहरुलाई कक्षामा नियमित बनाउन के गर्नु पर्छ होला ?
- शैक्षिक व्यवस्थापन गर्दा देखा पर्ने गरेको चुनौतिहरु के–के हुन् ?
- देखा परेको चुनौतिहरुलाई तपाईको विचारमा कसरी हटाउन सकिन्छ ?
- तपाईको विचारमा श्रमिकबालबालिकाको शैक्षिक व्यवस्थापन कस्तो हुनुपर्छ ?
- उचित व्यवस्थापनका लागि के कस्ता साधनहरु अपनाउनु पर्दछ ।

# अनुसूची – ५

## श्रमिकबालबालिकाहरुको विशेषता

- धेरै जसो श्रीमिकबालबालिकाहरु ६ वर्ष माथिका र जनसंख्याको हिसावमा ८ वर्ष भन्दा माथिकाहरुको संख्या बढी देखिन्छ ।
- केटीहरुको घुमफेरमा समाजिक साँस्कृतिक तथ्यले गर्दा बन्देज भएकाले धेरैजसो श्रमिकबालिकाहरु केटा नै हुन्छन् ।
- धेरै जसो श्रमिकबालबालिकाहरु विद्यालय गएका हुँदैनन् र प्राय गरि कक्षा पुरा नगरी विद्यालय छोडेका हुन्छन् ।
- धेरैजसो श्रमिकबालबालिकाहरुको सम्बन्ध आफ्नो परिवारसँग रहेको हुन्छ र उनीहरु आफ्नो दिनभरिको क्रियाकलाप पछी घर फर्कने गर्दछन् । यस्ता बालबालिकाहरु परिवारको आर्थिक सहायताका लागि सडक अन्तर्गतका कार्यहरु गर्दछन् । र परिवार नभएका बालबालिकाहरु आफ्ना साथिको परिवार वा आफू भन्दा ठूला व्यक्तिसँग गाँसिएका हुन्छन् ।
- श्रमिकबालबालिकाहरुको बुबा आमा प्रायः गरी निम्न आय स्रोत भएका तथा ज्यालादारीमा निर्भर भएका हुन्छन् ।
- धेरैजसो श्रमिकबालबालिकाहरु बाँच्नका लागि काम गर्ने गर्दछन्, र यो विशेष गरि केटीको तुलनामा केटाहरुमा बढी देखिन्छ ।
- श्रमिकबालबालिकाहरु अनियमित किसिमका कार्यहरुमा संलग्न भएका हुन्छन् जसमा कुनै विशेष सिप, तालिम र पैसाको लगानी भएको हुँदैन । फोहोर कागज, प्लाष्टिकजन्य पदार्थहरु बटुल्ने र गाडीमा सामान चढाउने, गाडी सफा गर्ने तथा जुत्ता पालिस गर्ने जस्ता कार्यहरु गर्दछन् ।
- स्वास्थ्य तथा पोषण युक्त खानाको तहबाट हेर्दा श्रमिकबालबालिकाहरुको स्थिति दयनीय देखीन्छ । खानाको सन्दर्भमा यिनीहरु संख्यात्मक तथा गुणात्मक दुवै तर्फबाट अप्रयाप्त भएका हुन्छन् । यी बालबालिकाहरु स्वास्थ्य जाँच, सरसफाई सुविधा आदि बाट टाढा हुने हुँदा स्वास्थ्यमा विभिन्न किसिमका अप्ठ्याराहरु भोगी राखेका हुन्छन् साथै सडकमा नै धेरै जसो काम गर्ने भएकाले सडक अन्तर्गत हुने दुर्घटनामा पनि यिनीहरु परिराखेका हुन्छन् ।